का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ मंसिर २०८०,
आइतबार
3 December 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २९८ । पृष्ठ १०    Madhyanha National Daily    www.madhyanhadaily.com

# देउवाका दुःख

**संघीय संसदको सबैभन्दा ठूलो दल भएर पनि अन्य दलहरुको कुरा सुन्नुपर्ने बाध्यतामा रहेका कांग्रेस सभापति देउवालाई पार्टीभित्रकै आफ्नै गुट र अन्य गुटहरु मिलाउनुछ। महामन्त्रीद्वयको प्रेसर थेगिरहेका उनलाई माओवादी र एमालेको झगडा मिलाउने र सत्ताका लागि मिल्न नदिने प्रेसर पनि छँदैछ।**



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ मंसिर।

पार्टीमा र सरकारमा प्रभावकारी भूमिका कांग्रेसको देखाउन नसकको भनी आलोचना खेपिरहेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आफू मौन नरहेको सार्वजनिक अभिव्यक्ति दिएका छन्।

शनिबार पार्टीको लुम्बिनी प्रदेश सम्मेलनलाई सम्बोधन गर्दै सभापति देउवाले आफूले कम बोल्ने, काम बढी गर्न खोजेको बताए। 'कम बोल्ने काम बढी गर्न खोजिरहेको छु हेरौं के हुन्छ ?' सभापति देउवाले भनेका छन्।

पार्टी नेतृत्वको दाबेदारका रुपमा हेरिएका बालकृष्ण खाँणलाई जोगाउन नसकेको आरोप पार्टीभित्र उनले खेप्दै आएका छन्। खाँण नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न रहेको आरोपमा पुर्पक्षका लागि थुनामा छन्। उनलाई थुनामुक्त गराउन माग गर्दै परेको रिटमाथिको सुनुवाईमा संलग्न न्यायाधीशको राय नै बझिएको छ। राय बाझिएपछि एकल इजलासमा सुनुवाई हुने आदेश भएको छ। अब खाँण कि धरौटीमा रिहा हुन्छन कि हुँदैनन् यो प्रष्ट इजलास बसेपछि हुन्छ। कतिपयले राजनीतिक रुपमा खेल्न खोजेको र खाँणलाई छुटाउने राजनीतिक प्रेसर रहेको भनी आलोचना गरिरहेका बेला कांग्रेस सभापति देउवाले आफूले कम बोल्ने काम बढी गर्न खोजिरहेको बताए।

केही दिन अगाडि सभापति देउवाले धर्मको विषयमा पनि बोलेका थिए। मुलुकमा व्यवस्था परिवर्तनलगायत एजेण्डासहितका गतिविधिहरु बढ्दै गइरहेका बेला प्राय सबै दलहरु मौन थिए। एमाले र रास्वपा मिशन ८४ भन्दै देशव्यापी अभियान छन्। यसबेला संसदको सबैभन्दा ठूलो दल काँग्रेस सभापति देउवाले हिन्दु राज्यका लागि संविधान संसोधन गर्न सकिने सार्वजनिक अभिव्यक्ति दिएपछि राजनीतिक बृत्त तरंगित बन्यो।

देउवाले धर्म निरपेक्षताको सट्टा संविधानमा हिन्दु राज्य राख्न सकिने बताए। कतिपउले उनले धर्मको कुरा गरेर शक्ति राष्ट्र रिझाएर सत्तामा पुग्न चाहना राखेको बताए।

देउवाले महासमिति बैठकको सम्मुखमा धर्मनिरपेक्षताको विषयमा अर्थपूर्ण अभिव्यक्ति दिनुका पछाडि उनले पार्टी नेतृत्व र सरकारको नेतृत्वमा भूमिका खेल्न नसकेको र फेरि पनि सरकारको

»» पृष्ठ २ मा




## ७५२ पालिकामा बैंकिङ पहुँच



"शाखा विस्तार हुँदैमा सबैको पहुँच पुग्यो भन्ने हुँदैन, तर त्यसलाई ध्यानमा राखेर राष्ट्र बैंकले गाउँपालिकाहरुमा बैंक तथा वित्तीय संस्थाहरुलाई शाखा विस्तारका लागि प्रोत्साहन गरिरहेको छ।

**डा. डिल्ली राम पोखेल**
**सहप्रवक्ता, नेपाल राष्ट्र बैंक**

# पुग्यो शाखा, पुगेन प्रभावकारी सेवा

### साक्षरता अभियान चलाउँदै सरकार

बैंकिङ सेवालाई प्रभावकारी बनाउन र बैंकिङ सचेतना फैलाउन राष्ट्र बैंकले वित्तीय साक्षरता नीति २०२२ लाई परिमार्जन गरेको बताउँछन् सूचना अधिकारी पोखेल।

परिमार्जित नीतिमा आधारित रहेर आधारभूत आयाम (बचत, कर्जा), वैदेशिक रोजगारबाट प्राप्त रकमलाई उत्पादनशील कार्यमा लगाउन प्रोत्साहन, बचतका लागि प्रोत्साहन, विद्यार्थी, साना उद्योग, विप्रेषण प्रयोगकर्ता, महिला »» पृष्ठ २ मा

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १६ मंसिर।

७५३ स्थानीय तहमध्ये ७५२ स्थानी तहमा वाणिज्य बैंकले आफ्नो शाखा विस्तार गरिसकेको छ। बझाङको सैपाल गाउँपालिमा भने बैंकिङ पहुँच पुगेको छैन। अर्थात, एउटा पालिका बाहेक देशभर बैंकको शाखा पुगेको छ। तर, शाखा पुगेका सबै ग्रामीण क्षेत्रमा बैंकिङ सेवाको सहज पहुँच नभएको बताउँछन् नेपाल राष्ट्र बैंकका सहप्रवक्ता एवम् सूचना अधिकारी डा. डिल्ली राम पोखेल।

उनी भन्छन्, 'शाखा विस्तार हुँदैमा सबैको पहुँच पुग्यो भन्ने हुँदैन तर त्यसलाई ध्यानमा राखेर राष्ट्र बैंकले गाउँपालिकाहरुमा बैंक तथा वित्तिय संस्थाहरुलाई शाखा विस्तारका लागि प्रोत्साहन गरिरहेको छ।'

बैंकिङ पहुँच सेवा पुऱ्याउने उदेश्यले शाखा खोलिए पनि त्यसका लागि आवश्यक प्रविधि र जनशक्तिको अभावमा बैंकिङ सेवाको सहज पहुँच नागरिकले प्राप्त गर्न नसकेका हुन्।

देशको आर्थिक उन्नति र समृद्धिको आधार बैंक हो भन्ने कुरा नबुझेका कारण स्थानीय मानिसहरुमा बैकहरुप्रति उदासीन भाव रही आएको पोखेलको भनाइ छ। यही उदासीनतालाई चिर्दै राष्ट्र बैंकले ग्रामीण क्षेत्रमा वित्तीय समावेशिताका कार्यक्रम सञ्चालन गरिरहेको पोखेलले बताए।

हाल देशका सबै जसो स्थानीय तहमा बैंकका शाखा विस्तार भइसके पनि स्थानीयमा बैंकिङ कारोबारप्रति रुचि नदेखिँदा समेत समस्या भएको बताइन्छ। गाउँ टोलमा विभिन्न निजी संस्थाहरु र सहकारीले खोलेका समूहमार्फत पनि कारोबार हुन्छ। »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मेडिकल सेन्टरहरुको नवीकरण तथा सूचीकरण आह्वान

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ मंसिर

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षणका लागि अनुमति प्राप्त स्वास्थ्य संस्थाको नवीकरण तथा सूचीकरण खुलाएको छ। मन्त्रालयले वैदेशिक रोजगार ऐनको दफा ७२ र वैदेशिक रोजगार नियमावलीको नियम ४५ (क) अनुसार आगामी पुस मसान्तसम्म नवीकरण तथा सूचीकरणका लागि दस्तुर निवेदन दिन यसअघि नवीकरण भइ सूचीकरण भएका स्वास्थ्य संस्थालाई आग्रह गरेको छ।

वैदेशिक रोजगार ऐन २०६४ को दफा ७२ अनुसार वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षणका लागि नवीकरण हुन पुस मसान्तभित्र निवेदन दिनुपर्ने प्रावधान छ।

वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि २०७२ अनुसार वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाले सूचीकरण र नवीकरण गरेको मितिदेखि तेस्रो वर्षको पुस १ गतेदेखि मसान्तसम्ममा १५ हजार नवीकरण दस्तुर बुझाइ नवीकरण तथा सूचीकरण गर्नुपर्ने व्यवस्था छ।

मन्त्रालयले नवीकरणका लागि दिने निवेदनका साथमा वैदेशिक रोजगार कल्याणकारी कोषमा एभरेस्ट बैंकको सिंहदरबार वा जुनसुकै शाखामा नवीकरण दस्तुर तिरेको रसिद, सूचीकरण प्रमाणपत्रको प्रतिलिपिसहित कागजात पेश गर्नुपर्ने »» पृष्ठ २ मा

## छुरा प्रहारबाट ज्यान गुमाएका क्षेत्रीको परिवारलाई पोर्चुगलबाट आर्थिक सहयोग

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, १६ मंसिर

साथीको छुरा प्रहारबाट गत साता पोर्चुगलमा ज्यान गुमाएका कुश्मा नगरपालिका- १३, खौला, पर्वतका धन बहादुर क्षेत्रीको परिवारलाई पोर्चुगलबाट आर्थिक सहयोग प्रदान गरिएको छ। पोर्चुगलमा क्रियाशील नेपाली दिदीबहिनीहरुको संस्था नेप्लिज वुमन एशोसिएसन, पोर्चुगलले क्षेत्रीको परिवारलाई आर्थिक सहयोग प्रदान गरेको हो।

संस्थाले मृतक क्षेत्रीकी श्रीमती सरस्वती क्षेत्रीलाई रेमिटान्समार्फत ५० हजार रुपैयाँ सहयोग प्रदान गरेको संस्थाकी अध्यक्ष शान्ति अर्याल अधिकारीले जानकारी दिइन्। क्षेत्रीको निधनसँगै घरपरिवार बिचल्लीमा परेको र परिवारको आर्थिक अवस्थासमेत निकै कमजोर रहेका कारण उनको परिवारलाई थोरै मात्र भएपनि राहत पूगोस् भन्ने उद्देश्यले सहयोग रकम प्रदान »» पृष्ठ २ मा




Urgent Requirement

A well reputed Manpower Company is looking for qualified and experienced individuals for the following departments.

| S.N. | Positions | Qty. |
| --- | --- | --- |
| 1. | Receptionist<br>Qualification + 2 Pass, Minimum 1 yrs Experience | 2 No.<br>Female |
| 2. | PRO (Public Relation Officer)<br>Qualification + 2 Pass, Minimum 2 Years Experience in related field. | 3 No.<br>Male/Female |
| 3. | Documentation<br>Qualification + 2 Pass, Minimum 2 Years Experience in related field, Knowledge in Computer (Microsoft Office) & fluency in computer typing | 2 No.<br>Female |
| 4. | Computer Coordinator<br>Qualification Minimum Bachelor Pass, Excel, Word & Other computer related knowledge, Minimum 2-4 yrs experience in related field, fluency in computer typing & good command in English. | 2 No.<br>Female |

If you find yourself eligible for the required posts, please drop your application by hand or mail, WhatsApp, Viber with in 7 days to the below mention address.
Salary: Negotiable for deserving candidate.

SHIKHAR INT'L MANPOWER Services Pvt. Ltd.
Shikhar House, Near Radisson Hotel
Lazimpat - 2, Kathmandu, Nepal
Tel.: 4441707 (6 Line), www.shikharmanpower.com.np
Email:manpowershikhar@gmail.com
Mobile: 9801125850 (WhatsApp, Viber)

मध्यान्ह
www.madhyanhadaily.com

१७ मंसिर २०८०, आइतबार
3 December 2023, Sunday

# हामी आफैंलाई बचाउन पहिला हिमाल बचाऔं: प्रधानमन्त्री

**काठमाडौं/मस**–प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मानव जाति र सभ्यता बचाइराख्न पहिला हिमाल बचाउन आवश्यक रहेको बताएका छन् । संयुक्त अरब इमिरेट्सको दुबइमा आयोजना भइरहेको कोप-२८ सम्मेलनका क्रममा हिमाली मुलुकले भोगिरहेको जलवायु परिवर्तनका असरबारे छलफल सत्रको अध्यक्षता गर्दै प्रधानमन्त्री दाहालले यस्तो बताएका हुन् ।

'हिमाल, हिमाली सभ्यता एवम् हिमाली समुदायले भोगिरहेका समस्या बुझेर समाधान खोज्न जलवायु परिवर्तनसँग सम्बन्धित संवादको थालनी गर्न म आग्रह गर्दछु', प्रधानमन्त्री दाहालले भने, 'हामी आफैंलाई बनाउन पहिला हिमाल बचाऔं भनेर विश्व समुदायसँग आग्रह गर्दछु ।'

हिमाली देश, त्यहाँको मानवजाति र समग्र पारिस्थितिक प्रणालीले सामना गरिरहेको जलवायु संकटको विषयसँग सम्बन्धित सत्र नेपालले आयोजना गरेको थियो । प्रधानमन्त्री दाहालले अध्यक्षता गरेको उक्त 'राउन्डटेबल' छलफलमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टेनियो गुटेरेस, किर्गिज रिपब्लिक, भूटान, स्लोभेनिया, मोन्टेनेग्रो, एनडोरालगायत देश, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्र (युएनडिपी) तथा संयुक्त राष्ट्रसंघीय खाद्य एवम् कृषि संगठन (एफएओ) लगायतका प्रतिनिधि र जलवायु क्षेत्रमा काम गरिरहेका विश्लेषकको सहभागिता रहेको थियो ।



हिमाली मुलुकमा जलवायु परिवर्तनका असर बढी देखिएको र यस्ता असर देखिएका ठाउँमा मृत्युदर पनि बढेको अध्ययनबाट देखिएको प्रधानमन्त्री दाहालले उल्लेख गरे । 'हिमालमा जलवायु परिवर्तनको असर बढ्नु समग्र मानवजाति र पारिस्थितिक प्रणालीका लागि खतराजनक छ । इन्टरगभर्मेन्टल प्यानल अन क्लाइमेट चेन्ज (आपिसिसी) को पछिल्लो प्रतिवेदनअनुसार मानव सिर्जित 'ग्लोबल वार्मिङ'का कारण निकै ठूला र अभूतपूर्ण समस्या सृजना भएका छन् । चक्रवात, बाढी, खडेरीलगायत जोखिम भएका क्षेत्रमा मृत्युदर १५ गुणा बढी देखिएको छ । यो स्वीकार्य छैन', प्रधानमन्त्री दाहालले भने । विश्वको सबैभन्दा अग्लो हिमाल रहेको नेपालले जलवायु परिवर्तनका असर अरू देशको भन्दा चाँडो भोगिरहेको पनि उनको भनाइ छ ।

हिमाली पारिस्थितिक प्रणाली र त्यहाँको नागरिक जीवन प्रत्यक्ष रुपमा जोडिने भएकाले जलवायु परिवर्तनका कारण सृजना भएका समस्यालाई विश्व समुदाय मिलेर समाधान खोजिनुपर्ने धारणा प्रधानमन्त्री दाहालले राखे । 'विश्व नेताहरु हिमाल, हिमाली पारस्थितिक प्रणाली र हिमाली जनताको दिगो भविष्यको रक्षा गर्न एक साथ हिंड्नुपर्छ', दाहालले भने । हिमाली मुलुकले संयुक्त र एकमुष्ट रुपमा आवाज उठाउँदा जलवायुसँग सम्बन्धित असरबारे विश्व समुदायलाई अझ बढी बुझाउन र ध्यान केन्द्रित गर्न सकिने पनि उनले उल्लेख गरे ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टेनियो गुटेरेसले केही समयअघि गरेको नेपाल भ्रमणका लागि धन्यवाद व्यक्त गर्दै प्रधानमन्त्री दाहालले उक्त भ्रमणका क्रममा महासचिव गुटेरेसले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा देखिएको असर र प्रभावको प्रत्यक्ष जानकारी संकलन गरेको तथा स्थानीय समुदायले सामना गरिरहेका समस्या र चुनौतीबारे नजिकबाट बुझेको स्मरण गरे । 'संयुक्त राष्ट्रसंघका महासचिवले नेपाल र अन्टार्टिकाको भ्रमणपछि जलवायु शिखर सम्मेलनको उद्घाटन समारोहमा हिजोको भनाइलाई सम्झिन चाहन्छु, 'यी दुई ठाउँ धेरै टाढा छन् तर एउटै संकको सामना गरिरहेका छन्', प्रधानमन्त्री दाहालले भने ।

कोप सम्मेलनमा नेपालले आयोजना गरेको यो सत्रको उद्देश्य हिमाल, हिमाली सभ्यता, हिमाली पारस्थितिक प्रणाली र हिमालका बासिन्दाको संरक्षण र प्रवर्द्धन गर्नु रहेको छ । उक्त सत्रमार्फत हिमाली क्षेत्रमा जलवायु परिवर्तनले निम्ताएका साझा समस्या र चुनौती समाधानका लागि सहयोग र ऐक्यबद्धता जनाउन पनि प्रधानमन्त्री दाहालले विश्व समुदायसँग अपिल गरेका छन् ।

उक्त सत्रमा हिमाली क्षेत्रको हित र समग्र पारस्थितिक प्रणालीबारे चासो देखाएकामा धन्यवाद दिँदै प्रधानमन्त्री दाहालले 'ग्लोबल वार्मिङ'लाई एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित गर्ने गरी भएको सम्झौताबारे स्मरण गराए ।

# केदारस्युँ गाउँपालिका ७ का भूकम्प प्रभावितलाई कपडा र रेडियो वितरण

**बझाङ/मस**–बझाङको केदारस्युँ गाउँपालिका ७ का भूकम्प प्रभावितलाई चिसोमा प्रयोग हुने कपडा वितरण गरिएको छ ।



गत असोज १६ गते गएको भूकम्पबाट प्रभावित भएका केदारस्युँ गाउँपालिका ७ का १९ परिवारलाई चिसोमा प्रयोग हुने कपडा वितरण गरिएको हो ।

शनिबार वडा कार्यालयमा एक कार्यक्रमको आयोजना गर्दै वडाका भूकम्प प्रभावित आर्थिक अवस्था कमजोर भएका विपन्न एकल महिला अपांग र दलित गरी १९ घरपरिवारलाई ब्लाङ्केट ज्याकेट, टोपी, मोजा सल, पि-फम वितरण गरिएको छ ।

प्रगतिशिल युवा समाज चैनपुर बझाङ र वर्ल्डभिजनको आर्थिक सहयोग तथा केदारस्युँ गाउँपालिकाको साझेदारीमा प्रति परिवार ८ हजार बराबरको चिसोमा प्रयोग हुने उक्त सामग्री वितरण गरिएको प्रगतिशिल युवा समाजका केदारस्युँ ७ का सामाजिक परिचालक चन्दन बहादुर धामीले बताए । उनका अनुसार वडामा भूकम्पबाट प्रभावित भएका परिवारलाई जाडोबाट बचाउने उद्देश्यले उक्त सामग्री वितरण गरिएको हो । पीरमा परेका बेला चिसो बढ्दै गरेको समयमा जाडोमा प्रयोग हुने लुगा कपाडा पाउँदा स्थानीय खुसी भएका छन् । त्यस्तै वडाका भूकम्प प्रभावितलाई रेडियो सेट समेत वितरण गरिएको छ ।

मानव अधिकारका लागि एक महिला संस्था बझाङको आर्थिक सहयोगमा उक्त वडाका १२ जनालाई गाउँपालिका उपाध्यक्ष मनिषा धामीले रेडियो सेट हस्तान्तरण गरिन् ।

गाउँ-ठाउँमा सूचना तथा जानकारी पाउने माध्यम रेडियो भएकाले सर्वसाधारण जनताले समयमै सूचना पाउन भनेर रेडियो वितरण गरिएको उपध्यक्ष धामीले बताइन् । अहिले जिल्ला भूकम्प जोखिममा रहेकाले रेडियोमा भूकम्प आए के गर्ने ?, कसरी बच्ने लगायतका भूकम्पबारे जानकारी आउने हुँदा जनता भूकम्पबाट जोगिउन भनेर रेडियो वितरण गरिएको समेत उनले बताइन् । त्यस्तै उक्त संस्थामार्फत पालिकाभर ७८ वटा रेडियो सेट र ७८ वटा आधुनिक चुल्हो वितरण गरिने भएको छ । रेडियो पाएपछि त्यहाँका स्थानीय खुसी भएका छन् ।

# सीमा क्षेत्रमा अवैध गतिविधि रोक्न प्रतिबद्धता

**जनकपुरधाम/मस**–नेपाल तथा भारतका सुरक्षा अधिकारीहरूको संयुक्त बैठक जनकपुरधाममा सम्पन्न भएको छ ।



भारतको मधुवनी जिल्ला र सोसँग सीमा जोडिएका मधेस प्रदेशका चार जिल्लाका सुरक्षा अधिकारीको सहभागितामा भएको बैठकले द्विपक्षीय हकहितका लागि दुई देशका सुरक्षा चासोबारे सहकार्य गरेर अगाडि बढ्ने समझदारी भएको धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रपणि पाण्डेले जानकारी दिए ।

आगामी पुस १ गते जनकपुरमा हुने विवाह पञ्चमी मेलामा आउने तीर्थालुको सहजीकरण, सीमा क्षेत्रमा हुने अवैध क्रियाकलाप र सुरक्षा चुनौती, मदिरा, हातहतियार ओसारपसार नियन्त्रण, दशगजा क्षेत्रमा अवैधरूपमा बनाइएका संरचना हटाउनेलगायत विषयमा एकअर्कालाई सहयोग गरेर अगाडि बढ्ने निर्णय भएको पाण्डेले बताए ।

नेपालका सबै नाका सवारी आवागमनका लागि खुला नरहेको अवस्थामा दुई देशका जनताबीच रहेको रोटीबेटीको सम्बन्ध, विवाह व्रतबन्धलगायत सामाजिक गतिविधिमा सहजीकरण गर्न दुवै पक्ष सहमत भएका छन् ।

त्यसैगरी, नेपाली भूमितर्फको दशगजामा रहेका सीमास्तम्भको मर्मत तथा पुनःनिर्माण शुरु गरिसकेकाले भारतीय पक्षले चाँडै आफ्नो भागका सीमास्तम्भ मर्मत गर्नुपर्ने विषयमा पनि बैठकमा छलफल भएको थियो ।

नेपाल-भारतका सुरक्षा अधिकारीहरुबीच हरेक चार-चार महिनामा संयुक्त बैठक हुने गरेको छ भने सीमासँग जोडिएका जिल्लाका सुरक्षा निकायका प्रतिनिधिबीच हरेक एक-एक महिनामा बैठक बस्ने गरेको छ । बैठकमा सप्तरी, सिरहा, धनुषा र महोत्तरीका प्रमुख जिल्ला अधिकारी तथा भारतको मधुवनी जिल्लाका प्रमुख अरविन्द कुमारलगायत दुवै देशका सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिको सहभागिता थियो ।

# खानेपानीमन्त्री यादवद्वारा मेलम्ची आयोजनाको निरीक्षण

**काठमाडौं/मस**–खानेपानीमन्त्री महिन्द्रराय यादवले मेलम्ची आयोजनाको निरीक्षण गरेका छन् । बाढीका कारण क्षति पुगेको मेलम्ची आयोजनाको मुहानलगायत क्षेत्रमा अनुगमनका लागि उनी शनिबार त्यहाँ पुगेका थिए । मन्त्री यादवले काठमाडौंवासीलाई चाँडो पानी पुऱ्याउन निर्देशनसमेत दिए ।



निर्माण व्यावसायीको ढिलाई र बाढीले आयोजना संरचनामा क्षति पुऱ्याएकाले पानी काठमाडौं पठाउनका लागि केहि ढिलाई भएको मन्त्री यादवले बताए । उनले भने, 'ठेकेदारले काम नगरेमा उपभोक्ता समितिबाट भए पनि काम गरी चाँडोभन्दा चाडो पानी काठमाडौं पठाउन हामी लागिपरेका छौं, एक महिना भित्रमा पानी काठमाडौं पुऱ्याउने हाम्रो लक्ष्य हो ।'

मेलम्ची खानेपानीको मुहान स्थल हेलम्बु अम्बाथान लगायतको क्षेत्रको स्थलगत अनुगमनपछि मन्त्री यादवले बाढीका कारण मुहानलगायत क्षेत्रमा समस्या भएपनि काठमाडौं पानी पठाउनका लागि तीव्रगतिमा काम शुरु भएको बताए । उनले भने, 'मुहानमा बाढीलगायत विभिन्न समस्याका बाबजुद पनि अहिले काम सन्तोष जनक हिसाबले भइरहेको छ ।'

बाढीका कारण मेलम्चीका ७ नम्बर गेट, ९ नम्बर गेड, १९ नम्बर गेट र २१ नम्बर गेटमा क्षती पुऱ्याएको मेलम्ची खानेपानी आयोजनाको कार्यालयले जनाएको छ । क्षति पुऱ्याएका संरचना निर्माणदेखि मर्मत गरेर पानी काठमाडौंमा पठाउनुपर्ने अवस्था रहेको मेलम्ची खानेपानी आयोजनाका सिनियर डिभिजनल इन्जिनियर पदमबहादुर कुवँरले बताए ।

उनले भने, 'यति दिनमा पानी काठमाडौं पुग्छ भन्न सक्ने अवस्था छैन, काम तीव्र गतिमा सुरु भएको छ, पानी काठमाडौंमा महिना दिनमा पुऱ्याउने आशा गरेका छौं ।' प्राविधिक र अन्य समस्या भएकाले यतिदिन भित्र पानी पुग्छ भन्न सकिने अवस्था नभएको र अन्य समस्या र अवरोध नआए एक महिनामा पानी काठमाडौं पुग्ने उनको भनाइ छ ।

हेलम्बु गाउँपालिकाका अध्यक्ष निमाग्याल्जेन शेर्पाले काठमाडौंमा पानी पठाउनका लागि स्थानीय सरकारकातर्फबाट पूर्णरुपमा सहयोग भइरहेको बताए । उनले भने, 'मेलम्चीको पानी काठमाडौं पठाउनका लागि स्थानीय सरकार र जनता पूर्णरुपमा सहयोग गरिरहेका छन्, हाम्रा पनि केही माग भएकाले पटकपटक प्रधानमन्त्री तथा अन्य मन्त्रालयमा ज्ञापनपत्र बुझाएका छौं, ती मागहरुको सम्बोधन हुनुपर्छ ।'

# वार्ताबाट पहिचानको माग सम्बोधन गर्न प्रदेश प्रमुखको सुझाव

**विराटनगर/मस**–प्रदेशको नामकरणलाई लिएर उठेको पहिचानको विषयलाई साँघुरो घेराबाट हेर्न नहुनेमा कोशी प्रदेश प्रमुख पर्शुराम खापुङ र प्रदेशका मुख्यमन्त्रीबीच छलफल भएको छ ।

अध्यादेशबाट सार्वजनिक भएको बजेट प्रतिस्थापन चालु आर्थिक वर्षको विधेयकमार्फत पारित भएपछि मुख्यमन्त्री कार्कीले प्रदेश प्रमुखसँग छलफल गरेका थिए । मुख्यमन्त्री कार्कीले पहिचाहनलाई भाषा, संस्कृति र परम्परालाई एकै ठाउँमा राखेर हेरिनुपर्ने बताएका थिए । पहिचाहनको मुद्दालाई राजनीतिक लाभसँग जोडेर हेर्न नहुने भन्दै मुख्यमन्त्री कार्कीले बजेटले प्रदेशको समग्र पहिचानलाई समेट्ने प्रयास गरेको बताए ।

उनले भने, 'प्रदेश सरकारले फाल्गुनन्द भाषा, संस्कृति अध्ययन केन्द्र स्थापना गरी प्रदेशमा रहेका सबै भाषा, संस्कृतिको विकास गर्ने योजना बनाएको छ ।' तुवाचुङ र खुवालुङजस्ता सांस्कृतिक महत्वका क्षेत्रको एकीकृत विकासका लागि सरकारले ठोस योजना बनाएको कार्कीले प्रदेश प्रमुख खापुङलाई जानकारी गराएको बताए ।

प्रदेश प्रमुख एउटा आलंकारिक मात्र नभई प्रदेशको अभिभावक भएको बताउँदै मुख्यमन्त्री कार्कील भने, 'बाहिरी संस्कृतिले आक्रमण गरिरहेको अवस्थामा हाम्रा मौलिक संस्कृति जोगाउन चुनौती बढेको छ ।'

प्रदेश प्रमुख खापुङले बजेट कार्यान्वयनमा जोड दिँदै पहिचाहनको मुद्दालाई वार्ताको माध्यमबाट समाधान हुनेमा आफू विश्वस्त रहेको बताए ।

# सुन प्रकरण : ९ अभियुक्त जेल चलान

**काठमाडौं/मस**–दोलखामा बरामद ११ किलो सुन तस्करी प्रकरणका ९ अभियुक्तलाई जिल्ला अदालत दोलखाले पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको छ । जिल्ला अदालत न्यायाधीश डिल्लीरत्न श्रेष्ठको इजलासले शुक्रबार ९ जनालाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको हो । तीन जनालाई भने धरौटीमा रिहा गर्न आदेश दिइएको छ ।



उक्त प्रकरणमा पक्राउ परेका दावा भन्ने आकार लामा, टासी भन्ने गेङ्रु, नुर्बु छिरिङ शेर्पा, पेम्बा तामाङ, च्याङ्बा भन्ने चस्मान तामाङ, सनद प्रधान, लालबहादुर तामाङ, केशर तामाङ र माधव कुमार मगरलाई थुनामा राख्न अदालतले आदेश दिएको हो ।

यस्तै घटनामा संलग्न आरोप लागेका महिमा माझीबाट १ करोड ७९ लाख ४० हजार रुपैयाँ, दीपेन्द्रराज शाक्यबाट ९३ लाख ५० हजार रुपैयाँ र तिलक विकबाट ८८ लाख रुपैयाँ धरौटी लिन जिल्ला अदालत दोलखाले आदेश दिएको छ ।

प्रहरीले दोलखाको बिगु गाउँपालिका-१ लमाबगरबाट ४ किलो, जामुने भन्ने ठाउँबाट ३ किलो र लामाबगरबाट ४ किलो गरी ११ किलो सुन बरामद गरेको थियो। सुन तस्करी प्रकरणमा प्रहरीले अनुसन्धान गरी २६ जनाविरुद्ध अभियोगपत्र दायर गरेको थियो ।

### देउवाका...

नेतृत्व कांग्रेसको हातमा आउन नसक्ने आशंका भएपछि यस्तो अभिव्यक्ति दिएको बताइन्छ ।

संघीय संसदको सबैभन्दा ठूलो दल भएर पनि अन्य दलहरुको कुरा सुन्नुपर्ने बाध्यतामा रहेका कांग्रेस सभापति देउवालाई पार्टी भित्रकै आफ्नै गुट र अन्य गुटहरु मिलाउनुछ । महामन्त्रीद्धयको प्रेसर थेगिरहेका उनलाई माओवादी र एमालेको झगडामा मिलाउने र सत्ताका लागि मिल्न नदिने प्रेसर पनि छँदैछ ।

यस्तो बेला शक्ति आर्जनका लागि बाह्य शक्तिलाई रिझाउन कांग्रेस सभापति देउवाले धर्मको विषयमा बोलेको कतिपयको टिप्पणी छ । यसबेला कांग्रेसका महामन्त्रीद्धय गगन थापा र विश्व प्रकाश शर्मा भने सभापतिमाथि दबाब बढाइरहेका छन् ।

महामन्त्री शर्मा सभापति शेरबहादुर देउवा अब प्रधानमन्त्री बन्न नहुनेमा आफू प्रष्ट रहेको बताउँछन् । सभापति देउवाले आफैंले आफ्ना समकालीन वा नयाँ युवा पुस्तालाई प्रधानमन्त्री बन्न आग्रह गर्नुपर्ने उनको भनाइ छ ।

शनिबार पार्टीको लुम्बिनी प्रदेश सम्मेलनको उद्घाटन कार्यक्रममा शर्माले सभापति देउवा ५ पटक प्रधानमन्त्री बनिसकेकाले अब बन्न नहुने बताएका हुन् । 'आदरणीय सभापति ५ पटक बनिसक्नुभयो, बाँकी यो सम्मेलनले दिएको राप, ताप र शुभकामना उहाँको शिरमा परोस्, प्रधानमन्त्री बन्ने कुरामा अघि बढ मेरा समकालीन साथीहरु या आउ कोही युवा भनेर भन्न सक्ने मनोविज्ञान सभापतिजीले भन्न सक्नुपर्छ', उनले भने ।

### साक्षरता ...

लगायतलाई समेटेर कार्यक्रम र सामाजिक सञ्जालबाट हुने ठगीबाट बच्नका लागि विभिन्न किसिमका बैंकिङ सचेतना अभियान सञ्चालन गरिने सूचना अधिकारी डा. डिल्ली राम पोखेलको भनाइ छ ।

सरोकारवालाहरुका अनुसार सुदूपपूर्व र सुदूरपश्चिमका विकट गाउँ मात्र नभई सहरबाट केही दुरीमा रहेका धेरै मानिसमा समेत बैंकहरुको सकारात्मक प्रभाव देखिँदैन ।

नयाँ प्रविधि र आधुनिकतामा ढलेका थोरैलाई मात्र बैंकबाट मिल्ने सेवाप्रति चासो देखिन्छ । अब राष्ट्र बैंक लगायत सबै विकास बैंक, वित्तीय संस्थाहरुले गाउँगाउँमा पुगेर आफूले प्रवाह गर्ने सेवाबारे चेतना फैलाउन आवश्यक देखिन्छ। प्रविधिको सदुपयोग र सहजताबारे बोल्न जरुरी छ। देशलाई विकशित बनाउन प्रविधियुक्त समाज निर्माण पनि आवश्यक छ । जसमा स्वयं स्थानीय व्यक्तिको समेत भूमिका रहन्छ ।

### पुग्यो ...

तर बैंकिङ सेवालाई नबुझेकै कारण समूहको चर्को ब्याजदरबाट ग्रसित हुन्छन् सेवाग्राहीहरु ।

ग्रसित सेवाग्राही मध्येकी एक हुन् कञ्चनपुरको शुक्लाफाँटा -३ की कुमा विष्ट । उनी उमेरले ४० पुगिन् । उनको घरबाट ५ किलोमिटरको दुरीमा ४/५ वटा बैंक छन् । तर उनको कुनै बैंकमा पनि खाता छैन ।

'के गर्नु बैंकमा खाता खोलेर । राख्ने पैसा नि छैन । थाहा पनि छैन' उनी भन्छिन्, 'महिनाको आठ सय राख्नुपर्छ समूहमा यतैबाट कारोबार गरिराछु । चाहिएको बेला ऋण निकाल्छु र किस्ता किस्तामा तिर्छु ।'

अर्का स्थानीय ७८ वर्षीय मानबहादुर बमको पनि कुनै बैंकमा आफैले खोलेको खाता छैन । वृद्ध भत्ताका लागि नगरपालिकाले एउटा बैंकमा खाता भने खोलिदिएको छ । तीन/तीन महिनामा उनी पासबुक लिएर भत्ता बुझ्न जान्छन् । बैंकको चेक समेत उनीसँग छैन । उनी भन्छन् 'कुनै बैंक खाता खोल भनेर पनि आएन आफू गएर पनि खोलिएन । जति पैसा भएनी घरमै राखियो । गाउँमै सापटी, ऋण दिने लिने गरियो । यो बुढेशकालमा किन खोल्नु झैं लाग्छ । छोराछोरीले खोलेका छन् खाता मलाई खासै थाहा छैन ।'

मान बहादुरका छोरा लोकेन्द्रको भने २ वटा बैंकमा खाता छ । उनी हाल सानो देखि लिएर ठूलो कारोबार समेत बैंकबाटै गर्छन् । यत्ति मात्र नभई उनी बीमा कम्पनीमा समेत संलग्न छन् । स्नातकसम्म पढेका उनले बैंकलाई एउटा सहज र सरल सेवा प्रदायक कम्पनीको रूपमा लिन्छन् । उनी भन्छन्, 'धेरै सहज गरेको छ नि बैंकले अहिले त । बुवाहरुको पालामा जता गएनी सँगै बोक्न पर्थ्यो पैसा । कत्ति हराउँथ्यो, कत्ति चोरी पनि हुन्थ्यो । लेनदेन गर्न नि अप्ठ्यारो नै थियो । अब त जति ठूलो रकम भएनी, जति टाढा भएनी छोटो समयमै कारोबार भइहाल्छ ।'

### मेडिकल...

बताएको छ । निवेदनका साथमा गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, लेखापरीक्षण प्रतिवेदन, स्वास्थ्य मन्त्रालय वा अन्तर्गत संस्था सञ्चालनको अनुमतिपत्रको प्रमाणपत्र र त्यसको नवीकरणको प्रतिलिपि तथा नाम, स्वामित्व र ठेगाना परिवर्तन भएको भए त्यसको जानकारी समेत दिनुपर्ने मन्त्रालयले उल्लेख गरेको छ । मन्त्रालयले विगतमा जस्तै तोकिएका शर्त पूरा नगरेको अवस्थामा संस्था नवीकरण नगरी कारोबार रोक्का गर्ने बताएको छ । गत वर्ष मन्त्रालयले २ सय १६ स्वास्थ्य संस्था नवीकरण गरेको थियो ।

### छुरा...

गरिएको अधिकारीले बताइन् । संस्थाले तिहारको अवसरमा देउसी भैलो खेलेर संकलन गरेको रकममध्येबाट सहयोग स्वरुप सो रकम नेपाल पठाएको उनले जानकारी दिइन् ।

पोर्चुगलमै अस्ताएका धनबहादुरको परिवारमा वृद्ध बुवा आमा, श्रीमती र चार स-साना छोराछोरी रहेका छन् । क्षेत्रीको निधन भएसँगै उनको परिवारमा आयआर्जनको बाटोसमेत बन्द भएको छ ।

**Cuprus मा बैदेशिक रोजगारको अवसर**

१. कम्पनी.- Modern International Placement Agency, Larnaca, Cyprus — पून:विज्ञापन

पूर्व स्वीकृती मिति २०७८।०९।२२ — चलानी नं. ६०१९४५५९ — LT.No. 277385

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा काम गर्ने दिन | दिनमा काम गर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Butchers | 03 | - | कामगर्न दक्ष | 550 | ७९,६६२।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 3 | Laboures | 01 | - | | 465 | ६७,३५१।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | निःशुल्क |

अन्तर्वार्ता २०७९ मंसिर २४ गते (10 December, 2023) मेनपावर कार्यालय कोटेश्वरमा हुनेछ ।

Kosh Overseas Pvt. Ltd.
इजाजत नं. १५०६।०७४।७५
Koteshwor-32, Kathmandu. Ph no. 01-4537535 / 4537536

# ‘अध्यादेश जारी गरेर भएपनि भूमि आयोगको काम सफल बनाउँछौं’

**चितवन/मस**–उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले अध्यादेश जारी गरेर भए पनि राष्ट्रिय भूमि आयोगको काम सफल बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

चितवनको नारायणगढमा भएको राष्ट्रिय भूमि अधिकार मञ्च नेपालको छैटौं राष्ट्रिय सम्मेलनलाई शनिबार सम्बोधन गर्दै उपप्रधानमन्त्री श्रेष्ठले राष्ट्रिय भूमि आयोगको कामलाई हरहालतमा सफल पारेर भूमिहीन किसानलाई जग्गा प्रदान गर्ने बताए । उनले भने,‘भूमिहीन किसानलाई जग्गा प्रदान गर्ने जुन उद्देश्य राखेका छौं हरहालतमा त्यो पूरा गरी छाड्ने संकल्प गरेका छौं ।’



उपप्रधानमन्त्रीले संकल्प र प्रतिबद्धता गरेर मात्रै नभई यसमा देखिएका समस्याको समाधानका लागि कानून संशोधन गरेर भए पनि भूमिहीन किसानको समस्या समाधान गरिछाड्ने प्रतिबद्धता व्यक्त गरे । राष्ट्रिय भूमि अधिकार मञ्च नेपालका कार्यवाहक अध्यक्ष मेघबहादुर बिसीको अध्यक्षतामा भएको सम्मेलनको उद्घाटनसत्रमा विभिन्न राजनीतिक दलका प्रतिनिधि र सरोकारवालाले बोलेका थिए ।

**‘लागूऔषध दुर्व्यसन नियन्त्रणमा समाजका सबै वर्ग लाग्नुपर्छ’**

उपप्रधान एवं गृहमन्त्री श्रेष्ठले लागूऔषध दुर्व्यसन नियन्त्रणमा समाजका सबै वर्ग लाग्नुपर्ने बताएका छन् ।

नारायणी नदी किनारमा सञ्चालित ‘चितवन नारायणी महोत्सव’ को समापन गर्दै मन्त्री श्रेष्ठले सरकार र निजी क्षेत्र लागूऔषध नियन्त्रणमा सँगसँगै अघि बढ्नुपर्ने बताए । उनले सरकारले गर्नुपर्ने काम निजी क्षेत्रबाट भएको भन्दै त्यसको प्रशंसा गरे ।

रिकभरिङ युनाइटेड प्रालि र औद्योगिक शान्ति नेपालको आयोजनामा यही मंसिर ६ गतेदेखि शुरु भएको महोत्सव शनिबार सम्पन्न भएको हो ।

उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष चुमनारायण श्रेष्ठले दैनिक लागूऔषध दुर्व्यसनी बढेकामा चिन्ता व्यक्त गर्दै यस्ता कार्यक्रम नियमितरूपमा आयोजना गर्नुपर्नेमा जोड दिए ।

लागूऔषध तथा मद्यपान प्रयोगकर्ताको निःशुल्क उपचार गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको हो । रिकभरिङ युनाइटेड प्रालिका अध्यक्ष रविन श्रेष्ठका अनुसार महोत्सवमा अटोमोबिल, कृषि तथा हस्तकला सामग्रीका कक्ष राखिएका थिए । निःशुल्क स्वास्थ्य शिविर, नृत्य प्रतियोगिता, लागूऔषध दुर्व्यसनविरुद्ध चेतनामूलक कार्यक्रम आयोजना गरिएको छ ।

# पुनःनिर्माणलाई जनताको सेवा गर्ने अवसरका रूपमा लिन मन्त्री शर्माको आग्रह

**सल्यान/मस**–सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले भूकम्पबाट क्षतिग्रस्त रुकुमपश्चिम र जाजरकोट जिल्लाका संरचनाको पुनःनिर्माणलाई जनताको सेवा ठानेर इमानदारीका साथ काम गर्न वयंसेवकहरूलाई आग्रह गरेकी छन् । सल्यान दार्मा गाउँपालिकाको आयोजनामा वडा नम्बर ५ स्थित ढाकाडामकोटमा भूकम्प प्रभावित परिवारका निम्ति अस्थायी आवास तथा शौचालय निर्माणका लागि परिचालन भएका स्वयंसेवकहरूलाई सम्बोधन गर्दै मन्त्री शर्माले सरकार, राजनीतिक पार्टी र जनता सबैले पुनःनिर्माणलाई सेवाभावका साथ आ-आफ्नो क्षेत्रबाट काम गर्नुपर्ने बताइन् ।




भूकम्पीडितलाई त्रिपालबाट अस्थायी आवासमा यथासक्य चाँडो सार्न तथा उनीहरूको पुनःस्थापनाको कामलाई युद्धस्तरमा अघि बढाउनुपर्ने बताउँदै मन्त्री शर्माले पुनःनिर्माणको काम एक वर्षभित्र सम्पन्न गर्ने सरकारको निर्णय साकार पार्न सम्बद्ध सबैको सहयोग अपरिहार्य भएको स्मरण गराइन् । मन्त्री शर्मासँगै कर्णाली प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री भीमप्रकाश शर्मा, माओवादी केन्द्रका प्रदेश अध्यक्ष विमला केसी, केन्द्रीय सदस्य नरेश भण्डारी, दार्मा गाउँपालिका अध्यक्ष निमबहादुर केसीलगायत श्रमदानमा पनि संलग्न थिए ।

भूकम्पबाट सल्यान दार्मा गाउँपालिकामा ठूलो भौतिक क्षति भएको छ । एक हजार एक सय ७९ वटा घर पूर्णरूपमा क्षतिग्रस्त भएका छन्भने एक हजार ८१ घरमा आंशिक क्षति भएको छ । पालिकाभित्रका २१ सामुदायिक विद्यालय, पाँच वटा स्वास्थ्य संस्था र तीन वटा वडा कार्यालयमा क्षति भएको छ । एक हजार एक सय ७९ घरका छ हजार तीन सय १८ जना विस्थापित भएका गाउँपालिका अध्यक्ष केसीले बताए ।

# ‘टुक्रे योजनामा नअल्झिनू’

**म्याग्दी/मस**–गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सरेन्द्रराज पाण्डेले टुक्रे योजनामा नअल्झिन भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय मातहतका कार्यालयहरुलाई निर्देशन दिएका छन् ।

म्याग्दीको घोडेपानीमा शनिबार भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयस्तरीय समस्या समाधान समितिको बैठक तथा चालु आर्थिक वर्षको प्रथम चौमासिकको समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले टुक्रे योजनामा समय र श्रम खेर नफाल्न निर्देशन दिएका हुन् ।

‘संघीय सरकारले प्रदेशलाई रु दुई लाखसम्म बजेटका योजना कार्यान्वयन गर्न पठाएको छ । मैले प्रधानमन्त्री र संघीय मन्त्रीहरुलाई पाँच/सात बजेटका साना योजना कार्यान्वयन गर्न सकिँदैन भनेको छु,’ उनले भने,‘परिमाण नआउने साना र टुक्रे योजनामा अल्झिएर समय र श्रम खेर नफाल्न भौतिक पूर्वाधार र सिँचाइ मन्त्रालय मातहतका निकायलाई निर्देशन दिएको छु ।’

प्रदेश सरकारको कूल बजेटको ३५ र पूँजीगत बजेटको ५५ प्रतिशत हिस्सा ओगटेको भौतिक मन्त्रालयको प्रगतिले समग्र प्रदेश सरकारको काम देखाउने भएकाले ८१ प्रतिशत बजेट कार्यान्वयन गर्ने लक्ष्यको कार्यान्वयन गर्न उनले निर्देशन दिए ।

संघीयता र प्रदेश सरकारप्रति उठेका प्रश्नको जवाफ काम गरेर देखाउनुपर्ने चुनौतीको सामना गर्न परिणाममुखी काम गर्नुपर्ने बताए । मुख्यमन्त्री पाण्डेले कुनै पनि बहानामा बजेट र योजना कार्यान्वयनमा ढिलासुस्ती तथा आलटाल गर्ने छुट नहुने चेतावनी दिए ।

# पुल पुनःनिर्माणको माग गर्दै संघर्ष समिति

**उदयपुर/मस**–उदयपुरको चौदण्डीगढी नगरपालिका-५ सिवाइ सुन्दरपुरस्थित त्रियुगा नदीमा निर्माणाधीन पुल दुई वर्षअघि बाढीले भत्काएपछि पुनःनिर्माणको माग गर्दै सुन्दरपुरवासीले संघर्ष समिति गठन गरेका छन् ।

भत्किएको पुल पुनःनिर्माणको माग गर्दै चौदण्डीगढी-५ का वडाध्यक्ष तुलसीराम ढकालको संयोजकत्वमा ११ सदस्यीय संघर्ष समिति गठन गरिएको संयोजक ढकालले बताए । उनका अनुसार त्रियुगा नदीमा निर्माण भइरहेको पुलको पाँच वटा पिलर विसं २०७८ को असार २९ गतेको बाढीले भत्काएको थियो ।

पुलको पिलर बाढीले भत्काएपछि सरोकारवाला निकाय तथा निर्माण कम्पनीले पुनःनिर्माणमा बेवास्ता गरेकाले काम अगाडि बढाउनका लागि दबाब दिने लक्ष्यका साथ संघर्ष समिति गठन गरिएको ढकालले बताए । उनका अनुसार समितिले तीन चरणमा संघर्ष गरी पुल पुनःनिर्माणका लागि दबाव दिनेछ ।



‘पहिलो चरणमा स्थानीय, प्रदेश तथा र संघीय सरकारलाई ज्ञापनपत्र दिनेछौं । सुनुवाइ नभए प्रदेश र संघीय सांसदलाई सुन्दरपुर क्षेत्र प्रवेशमा रोक लगाइ बहिष्कार गर्नेछौं’, समितिका उपसंयोजक देवनारायण चौधरीले भने,‘फेरि पनि सुनुवाइ नभए काठमाडौंको माइतीघर क्षेत्रमा आमरण अनशन बसेर भएपनि पुल पुनःनिर्माणका लागि दबाब दिनेछौं ।’

विसं २०६७ मा सम्झौता भई निर्माण कम्पनीले काम सुरु गरेको थियो । तीन सय सात मिटर लम्बाइ र छ मटिर चौडाइको उक्त पुलमा १३ वटा पिलर निर्माण भइसकेको थियो । विसं २०७८ मा आएको बाढीले पाँच वटा पिलर भत्काएको चौधरीले बताए । उनका अनुसार भौतिक पूर्वाधार मन्त्रालयको करिब नौ करोड ७६ लाख रुपैयाँ बजेटमा उक्त पुल निर्माण थालेको थियो ।

नदीले पिलर भत्काएपछि संघीय तथा प्रदेश सरकारका साथै निर्माण कम्पनीको ध्यान नगएपछि बाध्य भएर आन्दोलनमा आउन परेको सुन्दरपुरका स्थानीय कालीदास घिमिरेले बताए ।

नगर प्रमुख कालु लामाका अनुसार सुन्दरपुरका नागरिकले लामो समयदेखि वर्षाको समयमा वारिपारी गर्न नदीमा डुंगा चलाउनुपर्ने बाध्यता भएको बताउँदै पुल निर्माण नहुँदा सिवाइ र सुन्दरपुरका सात सय ५० घरपरिवार समस्यामा परेका जानकारी दिए । पटकपटक दबाब दिँदा पनि काम अगाडि नबढेपछि संघर्ष समिति गठन गरिएको उनको भनाइ थियो ।






## INVITATION FOR ONLINE BIDS

## Sidingba Rural Municipality
## Office of the Rural Municipal Executive

**Sablakhu, Taplejung**
**Koshi Province, Nepal**

**IFB No: SRM/TPJ/NCB/Goods/CGI/2080/081-02**
**IFB No: SRM/TPJ/NCB/Works/Road/2080/081-03**
**First Date of Publication: 2080/08/17 (3rd Dec. 2023)**

1. Sidingba Rural Municipality, Sablakhu, Taplejung invites electronic bids only from Nepalese eligible bidders under National Competitive Bidding with single stage single envelop Procedure.

| Contract ID No | Name of Project | Estimated Cost exclusive of VAT and contingencies | Bid Security Amount NRs. | Bid Fee NRs. | Bid Validity period |
|---|---|---|---|---|---|
| SRM/TPJ/NCB /Goods/CGI/ 2080/081-02 | G.I. Sheet procurement and distribution for target groups. | 35,10,246.43.00 | 1,20,000.00 | 3000.00 | 120 days |
| SRM/TPJ/NCB /Works/Road/ 2080/081-03 | Kalikhola to Timbung Pokhari road construction (14+300 to 16+000 m) | 19,54,682.49.00 | 55,000.00 | 3000.00 | 120 days |

2. Eligible Bidders may obtain further information from the office of the Sidingba Rural Municipality, Sablakhu, Taplejung, Cont.no: 9852660153 and 9863677911 email: sidingbarmtpj@gmail.com or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.
3. For purchasing & submission of bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Laxmi Bank Limited, Sidingba Branch. Taplejung.**
   **Name of Office : Sidingba Rural Municipality, office of the Rural Municipal Executive, Sablakhu, Taplejung.**
   **Office Account no. : 09303000021 (Sidingba Ga.Pa., Aantrik Rajaswo Khata G1.1N)**
4. Bids must be submitted through www.bolpatra.gov.np, on or before 12:00 noon on 2080/09/17 (2nd Jan. 2024). Documents received after this deadline shall not be accepted.
5. Bids will be opened in the presence of bidder's representatives who choose to attend at the office of Sidingba Rural Municipality, Office of Rural Municipal Executive, Sablakhu, Taplejung on 1:00 pm on 2080/09/17 (2ndJan. 2024). Bids must be valid for a period of 90 days after bid opening and must be accompanied with above bid security, which shall be valid for 30 days beyond the bid validity period.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason, whatsoever.

**Act. Chief Administrative officer**
**Sidingwa Rural Municipality**

## Subhakalika Rural Municipality
## Office of the Rural Municipal Executive

**Sukatiya, Kalikot**
**Karnali Province Nepal**

## Letter of Intent (LOI)

**Date of Publication: 2080/08/17(3th December, 2023)**

This is notify as per section 27(2) of Public Procurement Act 2063 to all concerned bidders that, we are going to award following contracts as per IFB NO : SRM/KKT/W/NCB/03/2080-2081 to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S. N | Contract ID No. | Project Name | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1 | IFB NO: SRM/KKT/W/ NCB/03/2080-2081 | Panchakalika Mavi Building Construction Works | Rituraaj Nirman Sewa/ Anil Janaral & Order Suppliers Manma-5, Kalikot | 7999376.03/- |

**Asst. Chief Administrative Officer**




मध्यान्ह
www.madhyanhadaily.com
१७ मंसिर २०८०, आइतबार
3 December 2023, Sunday

सम्पादकीय

## गैरजिम्मेवार जनप्रतिनिधि

जाजरकोट भूकम्प प्रभावित क्षेत्रमा चिसोका कारणले ज्यान गुमाउने संख्या २४ पुगेको छ । भूकम्प यता जाजरकोटमा मात्रै २४ जनाको ज्यान गएको स्थानीय प्रशासनले जनाएको छ । कुशे गाउँपालिकामा ७ जना, भेरी नगरपालिकामा २ जना, बारेकोट गाउँपालिकामा २, नलगाड नगरपालिकामा ३, छेडागाड नगरपालिकामा ५ जना र जुनिचाँदे गाउँपालिकामा ४ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा धेरैजसो जेष्ठ नागरिक छन् । त्रिपालभित्र बास बसिरहेकालाई चिसोका कारणले श्वासप्रश्वासमा समस्या देखिने र निमोनिया भएर ज्यान जाने गरेको स्थानीय प्रशासनले जनाएको छ । जाजरकोटमा मात्रै भूकम्पबाट ३५ हजार बढी घर भत्किएका छन् । अर्थात् घर भत्किएकाहरू त्रिपाल मुनि बसिरहेका छन् । अहिले तत्काल उनीहरूलाई आगो ताप्न समेत मिल्नेगरी अस्थायी टहराको खाँचो छ ।

तर सरकार अस्थायी टहरा निर्माण गरिनुपर्ने घर संख्या पहिचान गर्नमै अल्झिएको छ । स्थानीय प्रशासनबाट तथ्याङ्क लिने र त्यो विवरण संघमा पठाउने, कार्यविधि बनाउने र कार्यविधि पुनःसंशोधन जस्तो प्रक्रियामा अल्झिरहँदा भूकम्प प्रभावितको प्रताडना लम्बिएर गएको छ । त्यसैको परिणाम चिसोका कारण ज्यान गुमाउने संख्या बढिरहेको छ । एकातिर औपचारिक प्रक्रियामा सरकार अल्मलिरहने र अर्कातिर चिसोकै कारणले नागरिकले ज्यान गुमाउनुपर्ने परिस्थितिबीच त्यहाँका जनप्रतिनिधिहरूले समन्वयको काम गर्नुपर्ने हो । तीन तहको सरकार यस्तै बेला चाहिने हो । तर स्थानीय बाहेक अरू सरकार लगभग रमिते जस्तो बन्न पुगेको छ । स्थानीय सरकारले सबै प्रभावितलाई अस्थायी टहरा बनाउने सामर्थ्य आफूले नराख्ने बताइरहेको छ ।

संयागले अहिले जाजरकोटबाटै निर्वाचित प्रतिनिधिसभा सदस्य शक्ति बस्नेत संघीय सरकारका उर्जामन्त्री छन् । कर्णाली प्रदेश सरकारका बेदराज सिंह पनि जाजरकोटबाटै प्रदेशसभा सदस्य निर्वाचित भएका थिए । तर दुवै सरकारका मन्त्री जाजरकोटकै हुँदा पनि समन्वयको कामले गति लिएको देखिदैन । बरू उल्टै उर्जामन्त्री बस्नेत त विदेश भ्रमणमा निस्किएका छन् । आफ्ना मतदाता चिसोबाट मरिरहँदा मन्त्री बस्नेतले लिएको यो निर्णय गैरजिम्मेवारपूर्ण हो । किनकि यसबेला जाजरकोटलाई सबैभन्दा बढी आफ्नो प्रतिनिधिको उपस्थिति चाहिएको छ । अनेक प्रशासनिक जटिलतामा सहजीकरण गरिदिने काम प्रतिनिधिकै भएकाले पनि बस्नेतले जाजरकोट समेत छोड्न नमिल्ने हो । तर उनी आफू जाजरकोटको मात्रै नभएको जस्तो शैलीमा विदेश भ्रमणमा निस्कनु दुखद् हो । दलहरूले थोरै संख्यामा स्वयंसेवक पठाएर आफ्नो दायित्व पूरा भएको ठान्नु हुन्न । अहिलेको राष्ट्रिय अपिल भूकम्प प्रभावितको जीवनरक्षाकै निम्ति हुनुपर्छ ।

## तपाईंको राशिफल

मेष : व्यक्तिगत काममा सफलता मिल्नेछ । मन प्रफुल्लित रहनेछ ।

वृष : प्रभावमा वृद्धि हुनेछ । दैनिक जीवन सुखी रहनेछ ।

मिथुन : व्यापारिक कार्यमा प्रगति हुनेछ । शान्तिमा वृद्धि हुने योग छ ।

कर्कट : साथीभाइबीच सुमधुर सम्बन्ध रहनेछ । विदेश यात्राको योग छ ।

सिंह : सरकारी कार्यमा प्रगति दिन्छ । सामान चोरने सम्भावना छ ।

कन्या : धन लेनदेनमा सावधानी राख्नुहोला । स्वास्थ्यमाथि ध्यान दिनुपर्छ ।

तुला : राजनैतिक सहयोग प्राप्त हुनेछ । आत्मविश्वासमा वृद्धि हुनेछ ।

वृश्चिक : पारिवारिक खर्च धेरै हुनेछ । अलि रुकावटपछि सफलता मिल्नेछ ।

धनु : भाग्य राम्रो रहेनछ । पारिवारिक जीवन सुखमय रहनेछ ।

मकर : अनावश्यक खर्च हुने योग छ । विवाद गर्नु हुँदैन ।

कुम्भ : महत्वपूर्ण भेटघाट हुनेछ । खर्चमाथि नियन्त्रण राख्नु होला ।

मीन : जोखिम भएको कार्यमा धन लगाउन हुँदैन । अनावश्यक खर्च हुन्छ ।



आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)
इन्टरनेशनल एस्टोलोजिकल फोरम ।
सानेपा, काठमाडौं, नेपाल,
फोन : ९८४१५९२५५२,
इमेल : dhruvswamig@gmail.com

# राजतन्त्र र गणतन्त्रको अन्तर

अग्रलेख



● मनहरि तिमिल्सिना

नेपालमा गणतन्त्र स्थापनाको जम्मा १५ वर्ष पूरा भएको छ । तर, यति छोटो अवधिमै एकथरि मानिसहरू नयाँ व्यवस्थाको औचित्यमाथि प्रश्न उठाउन थालेका छन् । मानौं राजतन्त्रकालमा रामराज्य थियो, त्यहाँ कुनै गरिबी थिएन, असमानता र विभेद थिएन, उन्नत प्रकारको लोकतन्त्र थियो जस्तो तर्क गरिरहेका छन् । उनीहरूका तर्क सुन्दा राजतन्त्रकालमा 'दूधकै खोलो बग्थ्यो' भन्ने भान हुन्छ । तसर्थ, यो आलेख नेपालमा राजतन्त्र र गणतन्त्रको तुलनात्मक अध्ययनमा केन्द्रित छ ।

**संवैधानिक व्यवस्था**

नेपाल सरकारको संवैधानिक कानुन-२००४, नेपालको अन्तरिम शासन विधान-२००७, नेपाल अधिराज्यको संविधान-२०१५, नेपालको संविधान-२०१९, नेपाल अधिराज्यको संविधान-२०४७, नेपालको अन्तरिम संविधान-२०६३ र नेपालको संविधान-२०७२ गरी ७५ वर्षको इतिहासमा नेपालमा ७ वटा संविधान जारी भए । ती संविधानमध्ये २००४ देखि २०४७ सम्मका संविधान राजाहरूको निर्देशन एवम् २०६३ र २०७२ को संविधान जनताका प्रतिनिधिले लेखेका थिए ।

राजा त्रिभुवनले जारी गरेको नेपाल सरकारको वैधानिक कानुन २००४ र नेपालको अन्तरिम शासन विधान-२००७, राजा महेन्द्रले जारी गरेको नेपाल अधिराज्यको संविधान-२०१५ र नेपालको संविधान-२०१९ तथा राजा वीरेन्द्रले जारी गरेको नेपाल अधिराज्यको संविधान २०४७ ले राजतन्त्रात्मक व्यवस्थासहित राजामा असीमित अधिकार केन्द्रित गरी जनतालाई रैतीको दर्जामा राखिएको थियो । ती सबै संविधानहरूको प्रस्तावनमा "श्री ५ महाराजधिराजको गद्दी रोलको उत्तराधिकार क्रम परम्परादेखि चलिआएको रीतरिवाज बन्देज कानुनबमोजिम कायम रही सधैंका निम्ति अपरिवर्तनीय र अविच्छेद्य रहने" व्यवस्था राखिएको थियो । २०४७ को संविधानले बहुदलीय व्यवस्थालाई स्वीकार गरेता पनि बहुदल राजोको 'मुट्ठीको माखो' थियो, जुन बाधा अड्काउ फुकाउन धारामा टेकेर राजाले चाहेको बेला मिचिदिन सक्थे ।

नेपालको अन्तरिम संविधान-२०६३ र नेपालको संविधान (२०७२) ले इतिहासमा पहिलोपटक सार्वभौमसत्ता जनतामा हस्तान्तरण गऱ्यो । २०७२ को संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, सार्वभौमसत्ता र राजकीयसत्ता जनतामा निहित रहने व्यवस्था, सात प्रदेशसहितको संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचना र सरकार, संघीय राष्ट्रपतिको व्यवस्था, संसदबाट निर्वाचित प्रधानमन्त्री, मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गऱ्यो । संविधानमा ३० भन्दा बढी मौलिक हकको व्यवस्था र समाजवादोन्मुख राज्यको सङ्कल्प गरिएको छ, जुन कुरा विश्वका संविधानमा बिरलै पाइन्छ । तसर्थ, संवैधानिक विकासक्रमका दृष्टिले नेपाली जनताले ७० वर्ष लामो संघर्षबाट सार्वभौम अधिकार प्राप्त गरेका छन्, यो चानचुने विषय होइन ।

**सन्धि सम्झौताहरू**

नेपालका प्रायःजसो राजाहरूले आफूलाई राष्ट्रिय हित र अखण्डताका संरक्षक र राष्ट्रिय एकताको प्रतीकको रूपमा दावी गर्दै आएका छन् । तर, तथ्यहरूले राजा अखण्डताका संरक्षक र एकताका प्रतीक दुबै नभएको कुरा प्रमाणित गर्दछन् । सुगौली सन्धिदेखि महाकाली सन्धिसम्म आउँदा नेपालले जे-जति क्षति बेहोऱ्यो, ती सबै सन्धिमा नेपालका राजाहरू प्रत्यक्ष वा अप्रत्यक्षरूपमा जोडिएका छन् । कतिपय सन्धिहरू राजाहरूकै निर्देशन र रोहबरमा भएका छन्, त कतिपय उनीहरू राष्ट्रप्रमुख भएका बखत ।

राजा गीर्वाणयुद्धको पालामा भएको सुगौली सन्धि (सन् १८१६) बाट नेपालले ६१ प्रतिशत भूमि गुमायो । राजा त्रिभुवनको पालामा गरिएको नेपाल-भारत शान्ति तथा मैत्री सन्धि (सन् १९५०) ले सुगौली सन्धिलाई अनुमोदन गऱ्यो । महेन्द्रको पालामा भएको कोशी सम्झौता (सन् १९५४) नेपाल र भारतबीच भएको कोशी सम्झौताले हरेक वर्ष नेपालले डुबानको समस्या भोग्दै आएको छ । महेन्द्रकै पालामा भएको गण्डक सम्झौता (सन् १९५९) ले नेपालका दर्जनौं बस्तीहरू डुबानमा परिरहेका छन् । वीरेन्द्रको पालामा २०५२ मा भएको महाकाली सन्धिले महाकाली नदीको पानी विद्युत् र सिँचाइका लागि भारतलाई सुम्पिने काम गरेको छ । जो नेपालका लागि घातक छ । सन् १९५० को नेपाल-भारत असमान सन्धिपछि भारतले नेपाली भूमि अतिक्रमण गर्ने, सीमा मिच्नेलगायतका अनगिन्ती ज्यादती गरेको छ । तर, राजाहरूले कुनै ठोस कदम चालेनन् । राजा महेन्द्रले कतिपय मामिलामा अडान लिएको तथ्यहरूले बताउँछन् । तर, उनको कार्यकाल पनि राष्ट्रियताका दृष्टिले सबल रहेको तथ्यहरूले प्रमाणित गर्दैनन् ।

**सत्ता दाउपेच**

विसं १८२५ देखि २०६५ सम्म शाहवंशीय राजाहरू नेपाल अधिराज्यको राष्ट्रप्रमुख थिए । २०६५ जेठ १५ गतेको संविधान सभाले राजालाई बर्खास्त गर्दै २४० वर्ष लामो शाहवंशीय राजतन्त्रको अन्त्य र गणतन्त्रको घोषणा गरेको थियो । शाह राजाहरू र राणाहरूले सत्ता र शक्ति हत्याउन अत्यन्तै निर्मम कदमहरू चालेका थिए । त्यसका लागि दरबारभित्रै क्रूर हत्याकाण्डहरू चलेका थिए । त्यसमध्ये कोतपर्व (१९०३), भण्डारखाल पर्व (१९०३), १९३८ सालको पर्व, विष्ट पर्व (१९३८), १९४२ सालको पर्व, गेहेन्द्र शमशेर पर्व (१९६४), नारायणहिटी हत्याकाण्ड (२०५८) मुख्य मानिन्छन् । यी हत्याकाण्डका साथै दरबारभित्र युवराज त्रैलोक्य हत्याकाण्ड, रणबहादुर शाह हत्याकाण्डलगायतका हत्याहरू गरिए । यी सबै हत्याहरू राजा र राणा प्रधानमन्त्री एवम् सत्ता र शक्तिको होडबाजीका निम्ति नै थिए । ती सबै हत्याकाण्डहरू आफ्नै दाजुभाइ वा आफन्तको हत्या गरी सत्ता हत्याउने क्रूर नियतका परिणाम थिए । विसं २०५२/६३ को सशस्त्र युद्धमा समेत जे-जस्ता घटनाहरू भए, त्यसमा राजतन्त्र नै सबैभन्दा बढी क्रूर र हिंस्रक रूपमा प्रस्तुत भयो । संघर्ष वा वाद-प्रतिवादका क्रममा माओवादी तर्फबाट पनि केही अप्रिय घटनाहरू भए, जसलाई सचेततापूर्वक रोक्न सकिन्थ्यो । तर, राज्यका तर्फबाट धेरै ज्यादती, क्रूर दमन र नृशङ्सक घटनाहरू भए । दरबारभित्र मात्र नभएर आम जनतामा समेत राजतन्त्रको ज्यादतीका सयौं दृष्टान्तहरू छन् । सुनिता-नमिता हत्याकाण्ड, प्रविण गुरुङ हत्याकाण्ड जस्ता सयौं हत्याकाण्ड यस अवधिमा भएका छन् ।



*राजतन्त्रकाल आफैंमा अध्याँरो युग थियो । तर यो यथार्थ तिनीहरूले मात्र अनुभूति गर्दछन्, जसले राजतन्त्रको दमन र ज्यादती प्रत्यक्षरूपमा भोगेका थिए, गरिब, विपन्न, पछौटे नेपालका प्रत्यक्ष साक्षी थिए । २०६२/०६३ को जनआन्दोलनपछि जन्मिएको पुस्ता नै आज १७ वर्षको युवा भएको छ । त्यो पुस्तालाई न राजतन्त्रको अन्धकार थाहा छ, न गणतन्त्रका उपलब्धिमा चित्त बुझाउन सकेको छ ।*

**जनजीवन**

कतिपयले राजाको शासनकालमा जनताको जीवन सुखी र व्यवस्थित भएको भ्रमसमेत बेचिरहेका छन् । तर, तथ्यहरूले राजतन्त्रकाल नेपाली जनताका निम्ति कालारात्रि भएको प्रमाणित गर्दछ । सन् १८१६ को सुगौली सन्धिपछि नै नेपालीहरू ब्रिटिस सेनामा भर्ती हुने प्रचलन प्रारम्भ भयो । रोजगारीका लागि मुग्लान पस्ने प्रचलन पनि राजतन्त्रकालमा नै अगाडि आएको थियो । एक पाथी नुनका निम्ति महिनौं खर्चिनुपर्ने परिस्थिति थियो ।

विश्व औद्योगिक क्रान्तिको दिशामा अगाडि बढ्दासमेत सामन्ती प्रथा विद्यमान थियो । जनताका छोराछोरी शिक्षित भएमा आफ्नो ज्यादतीका विरुद्ध उभिने डरले विद्यालय खोल्न प्रतिबन्ध थियो । दरबार हाइस्कुल जनताका छोराछोरीका लागि नभएर श्री ५ र श्री ३ का छोराछोरीहरूको शिक्षादीक्षाका निम्ति खोलिएको थियो । सडक, पुल, विजुली, पानी, शिक्षा, स्वास्थ्यका कुनै पनि पूर्वाधार खडा गरिएको थिएन । २०६३ सालको जनआन्दोलनसम्म पनि देशको भौतिक एवम् मानवीय प्रगति निकै दयनीय थियो ।

**विकासको प्रवृत्ति**

पृथ्वीनारायण शाहको एकीकरण प्रक्रियादेखि २०६५ साल जेठ १५ गते गणतन्त्रको घोषणा हुँदासम्म नेपालका शाह राजाहरूले २५० वर्ष शासन गरे । त्यस अवधिमा नेपालको विकास के-कति भयो, त्यसमाथि बहस हुँदै जाला । तथ्याङ्कहरूले २००७ सालको क्रान्तिपूर्व नेपाल विश्वकै दोस्रो पछौटे मुलुक भएको बताउँछन्, त्यसका लागि प्रमुख भूमिका नै नेपालका राजा र राणाहरूको छ ।

विसं २०७२ को संविधानपछि देशका सबैजसो वडामा सडक, बत्ती, सोलार पुगेका छन् । विद्यालय जाने दर ९५ प्रतिशत छ । सडक सिँचाइ खानेपानीमा सरकारको आफ्नै लगानी, ठूलठूला लोकमार्गहरूको निर्माण, २४ भन्दा बढी राष्ट्रिय गौरवका आयोजनाहरू सञ्चालन र हजारौं परियोजनाहरू विस्तार भएका छन् । जलविद्युतमा राज्य र निजी क्षेत्रले निकै ठूलो लगानी गर्दैछ । समावेशी प्रतिनिधित्व, सशक्तीकरण र आत्मनिर्भरता वृद्धि भएको छ । सामाजिक जागरण र रूपान्तरण आएको छ, प्रतिभाहरूको विकास र विश्वव्यापी प्रतिस्पर्धाको वातावरण निर्माण भएको छ ।

गणतन्त्रको सौन्दर्य बुझ्न पछिल्लो २० वर्षको तुलनात्मक अध्ययन नै काफी छ । २०५९ को श्री ५ को सरकार र २०७९ को नेपाल सरकारको आर्थिक सर्वेक्षण हेर्दा देशमा आएको गुणात्मक परिवर्तन प्रमाणित हुन्छ । पछिल्लो २० वर्षमा आर्थिक वृद्धिदर ०.८ बाट ५.८४ प्रतिशत, प्रतिव्यक्ति आय २३६ डलरबाट १३८१ डलर पुगेको देखिन्छ । बहुआयमिक गरिबी ४७ प्रतिशतबाट ८.५ प्रतिशतमा झरेको छ । विद्युत उत्पादन ३७३.२ मेगावाटबाट २२०५ मेगावाट पुगेको छ ।

त्यस्तै २० वर्षअघि ६५ जिल्ला सदरमुकाममा मात्रै कच्ची सडक पुगेकामा हाल ६७४३ वटै वडामा सडक पुगेको छ । ४५६७ किमि रहेको कालोपत्रे सडक १६९३९ किलोमिटर भएको छ । साक्षरता दर ५३.७ प्रतिशतबाट ७६.२ प्रतिशत, औसत आयु ५६ वर्षबाट ७१ वर्ष पुगेको छ । पुँजीगत खर्चको सामर्थ्य ४६.४ प्रतिशतबाट बढेर ६४.८ प्रतिशत पुगेको देखिन्छ । २०७९ सम्म आउँदा इन्टरनेट सेवा प्रारम्भ भई ९२ प्रतिशतमा विस्तार भएको छ । सञ्चार सेवा ९९ प्रतिशतमा पुगेको छ । ९३.४ प्रतिशत नागरिकले स्वस्थ खानेपानी र सरसफाइ सेवा प्राप्त गरेका छन् । अनलाइनबाटै नागरिक सेवा उपलब्ध हुन थालेको छ । यी सबै गणतन्त्रको सौंन्दर्यका सूचकहरू हुन् ।

त्यस्तै २७ वटा राष्ट्रिय गौरवका आयोजनाहरू सञ्चालन, पूर्व-पश्चिम राजमार्गको स्तरोन्नति, चीन-भारत दुवै छिमेकसँग जोड्ने नाकाहरू सञ्चालन एवम् स्तरोन्नति, ठूला जलविद्युत आयोजनाको निर्माण र विद्युत निर्यात, स्मार्ट सिटीहरूको अवधारणा र आधुनिक शहरीकरण, लगानी बोर्डको अवधारणा। राष्ट्रिय विकास आयोग, कर्णाली विकास आयोग र सुदूरपश्चिम विकास आयोग गठन, सार्वजनिक-निजी-सहकारीको तीनखम्बे अर्थनीतिको प्रयोग गणतन्त्रका महत्वपूर्ण आयामहरू हुन् ।

**संघीयता : भ्रम र यथार्थ**

नेपालको संविधान २०७२ ले तीन तहको संघीय प्रणालीको प्रबन्ध र अभ्यास गर्न थालेकामा एकथरि मानिसहरू नेपालका लागि संघीयता खर्चिलो र झन्झटिलो प्रणाली भएको भन्दै आलोचना गरिरहेका छन् । तर, संघीयताले आर्थिक भार बढाएको भन्ने तर्कले तथ्यसँग मेल खाँदैन । एकात्मक प्रणालीमा रहेका गाविसहरू अहिले वडामा रूपान्तरण भएका छन् । अन्य संरचनाको अवस्था पनि त्यही प्रकृतिको छ । विगतमा अञ्चलाधीश, क्षेत्रीय प्रशासक लगायतका धेरै प्रशासनिक अधिकारीहरू पनि थिए । हिजो सबै निकायले सरकारको मान्यता नपाए पनि केन्द्रीय सरकार, विकास क्षेत्र, अञ्चल, जिल्ला, इलाका र गाविस गरी छ वटा संरचना रहेकामा अहिले घटेर केन्द्र, प्रदेश र स्थानीय तह गरी ३ संरचना भएको छ । एकात्मक प्रणालीमा सांसद, मेयर/उपमेयर, गाविस अध्यक्ष/उपाध्यक्ष, वडाध्यक्ष र वडा सदस्य लगायतका पदमा गरी एक लाख ८८ हजार दुई सय ७५ जना जनप्रतिनिधि थिए । संघीयतापछि केन्द्रीय सांसद, प्रदेश सांसद, मेयर/उपमेयर, गाउँपालिका अध्यक्ष/उपाध्यक्ष, वडाध्यक्ष, वडा सदस्य लगायतका पदमा जम्मा ३७ हजार ५ सय २३ जना जनप्रतिनिधि छन् । एकात्मक व्यवस्थामा स्थानीय निकायका जनप्रतिनिधिको तलव थिएन, संघीयतामा पनि तलव सुविधा छैन । यद्यपि, केन्द्र, प्रदेश र स्थानीय तह आफैंमा सरकार भएका कारण प्रशासनिक क्षेत्रमा केही रकम खर्च हुने गरेको छ ।

**निष्कर्ष**

राजतन्त्रकाल आफैंमा अध्याँरो युग थियो । तर, यो यथार्थ तिनीहरूले मात्र अनुभूति गर्दछन्, जसले राजतन्त्रको दमन र ज्यादती प्रत्यक्षरूपमा भोगेका थिए, गरिब, विपन्न, पछौटे नेपालका प्रत्यक्ष साक्षी थिए । २०६२/०६३ को जनआन्दोलनपछि जन्मिएको पुस्ता नै आज १७ वर्षको युवा भएको छ । त्यो पुस्तालाई न राजतन्त्रको अन्धकार थाहा छ, न गणतन्त्रका उपलब्धिमा चित्त बुझाउन सकेको छ । तसर्थ, गणतन्त्रको सौन्दर्य आमनागरिकसम्म पुऱ्याउन ढिलाइ नगरौं ।

*(लेखक प्रधानमन्त्रीका प्रेस विज्ञ हुन् ।)*

# विकल्पको खोजी

विचार



● मेघराज भट्टराई

*राजतन्त्रमा राजा र प्रजा हुन्छन् । प्रजातन्त्रमा जनता हुन्छन् भने गणतन्त्रमा नागरिक हुन्छन् । यत्ति कुरा बुझौं, हामी के हुने ? पञ्चायत असफल, प्रजातन्त्र असफल अनि गणतन्त्र पनि असफल ? यो गणतन्त्रसम्म आइपुग्दा आफूले चाहेको काम, रोजगारी, व्यापार, शिक्षा रोजेर जीवनको यात्रा तय गर्दा के चाहिँ गलत भयो भनेर सोच्ने कि ?*

राजतन्त्रमा राजा र प्रजा हुन्छन् । प्रजातन्त्रमा जनता हुन्छन् भने गणतन्त्रमा नागरिक हुन्छन् । यत्ति कुरा बुझौं, हामी के हुने ? पञ्चायत असफल, प्रजातन्त्र असफल अनि गणतन्त्र पनि असफल ? यो गणतन्त्रसम्म आइपुग्दा आफूले चाहेको काम रोजगारी, व्यापार, शिक्षा रोजेर जीवनको यात्रा तय गर्दा के चाहीँ गलत भयो भनेर सोच्ने की ?

खुल्ला मनले सोचेरभन्दा पञ्चायतमै हामी औद्योकीकरणमा गएका थियौं । ती उद्योग निश्चितरूपमा राष्ट्रको लागि थिए, यदि आज कसैले भन्छ भने त्यो राष्ट्रवादी देशभक्त होइन । ती कलकारखानामा नेपाली जनताले काम गर्थे, पैसा नेपालमै रहन्थ्यो, यो सत्य कुरा हामीले स्वीकार गर्दैन भने ती विदेशिका दलाल हुन् । तर, निरंकुश राजतन्त्रभन्दा उन्नत व्यवस्था प्रजातन्त्र हो, यसमा भएका उद्योग भारतीय व्यापारीलाई बेच्ने काम भयो, देशलाई उद्योगबिहीन बनाइयो ।

१० वर्षे द्वन्द्वकालमा पनि बचेकुचेका कलकारखाना बन्द भए । गणतन्त्र आएपछि झन् देश जर्जर अवस्थामा गयो । यसको कारण हो कार्यकर्ता भर्ती केन्द्र बनाइयो, उद्योग सकिए । कार्यकर्ता भर्ती केन्द्र बनाइएकै कारण सरकारी संघ संस्था सकिए । न्यायालय, प्रहरी प्रशासन, खाद्य संस्था, दूरसञ्चार, विद्युत प्राधिकरण, वायुसेवा निगमलगायत सम्पूर्ण संस्थामा पार्टी प्रवेश गऱ्यो । नागरिकलाई सेवा सुबिधा दिन बनेका सरकारी र गैरसरकारी संघ संस्थाहरू राजनीतिक भागबण्डाको केन्द्र भए । कस्तो अचम्मको कुरा छ, रेल छैन रेल विभाग छ, पानीजहाज छैन पानीजहाज विभाग छ । जब की राष्ट्रको लागि चाहिने मन्त्रालय, संघसंस्था समाप्त गरिँदै छन् ।

आज कृषि मन्त्रालयको काम शून्य बराबर छ । किसानलाई पाँच किलो मल लाइन लागेर लिनुपर्ने, दुई किलो चिनी किन्न एक दिन हिंड्न पर्ने ? दूध बिक्री नहुने आफ्नो देशको उत्पादन तरकारी फलफूल कुहेर जाने तर, भारतीय विषादीयुक्त तरकारी तथा फलफूल रोक्न नसक्ने । वन मन्त्रालयको काम दिग्दार लाग्दो छ । वनभरी काठ कुहेको छ, यहाँ उपयोग गर्न कानुनी दाउपेच देखाएर कमीशन खाने अनि भन्ने नेपालमा केही छैन, भविष्य छैन भनेर विदेश पलायन गराउने ? यदि सम्पूर्ण नागरिकलाई नेपालमैं रोक्ने योजना बनाए, कोही विदेश जाने छैनन् ।

भारतीय तरकारी, फलफूल, पाउडर, दूध, मक्खन, चीज, धान-चामल, मकै, गहुँ रोकोस् अनि सम्पूर्ण सिचाइँको व्यवस्था सरकारले गरोस्, मल बीऊ राज्यले उपलब्ध गराओस्, जमिन नभएका नागरिकको लागि जमीन उपलब्ध गराओस्, हाम्रो लागि स्कुल, कलेज निःशुल्क गराओस्, स्तरीय पढाई शुरू गरोस्, आफ्नो देशभित्र जटिल रोगको पनि उपचार गराओस् ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PALIV INTERNATIONAL PVT. LTD.**
Aruna Lama Marga, Maharajgunj, Kathmandu, Nepal Tel: 01-4518268, 4518716, 5911470
श्रम इजाजत पत्र नं. ११६४/०७३/०७४
Email: info.Palivinternational@gmail.com, palivinternational74@gmail.com
Mobile: 9801070598, 9803420845, 9820112709, URL: www.palivinternational.com

## साउदीमा रोजगार

कम्पनी: COFFEE BEAN TRADING COMPANY
शहर : RIYADH

पूर्व स्वीकृत मिति: २०८०/०८/१४ चलानी नं.: ६०२१०८०५ LT. No.:295678

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,५८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २४ गते (10 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**सुगम ओभरसिज प्रा. लि.**
SUGAM OVERSEAS PVT. LTD.
इजाजत पत्र नं. ८३८/०६६/०६७
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४९८६१०६, ४९८७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५
Email: info.sugam@gmail.com | Web: www.sugamoverseas.cm

## सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८०/०८/१६**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय गर्न इजाजत प्रात यस **भिक्टोरी नेपाल प्रा.लि.** (श्रम इजाजत पत्र नं.: ९११/०६७/०६८) मा विभिन्न मितिमा वैदेशिक रोजगार प्रयोजनका लागि आफ्नो राहादानी यस प्रा.लि.मा बुझाउनु भएका निम्न लिखित राहादानी वाहकहरु लामो समयसम्म सम्पर्कमा नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र प्रमाण सहित आ-आफ्नो राहदानी लिन आउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि उल्लेखित म्यादभित्र राहदानी लिन नआउनु भएमा कानुन बमोजिम नै जाने व्यहोरा पनि अवगत गराईन्छ ।

**तपशिल**

| सि.न. | राहदानीवालाको नाम | राहदानी नं. | ठेगाना | जन्म मिति |
|---|---|---|---|---|
| 1 | Ramesh Rokaya | PA0667175 | Dolpa | 24/12/1997 |
| 2 | Ganesh Lal Pahari | 10149336 | Ramechhap | 26/02/1998 |
| 3 | Amar singh Basnet | PA0895054 | Parsa | 01/04/1991 |
| 4 | Rohit singh Basnet | PA0895866 | Parsa | 15/07/1992 |
| 5 | Nim Bahadur Kami | PA0324619 | Western Rukum | 05/09/1986 |
| 6 | Purna Bahadur Budhathoki | 09235342 | Bhojpur | 19/01/1988 |
| 7 | Lil Bahadur Tamang | 11785009 | Udayapur | 02/12/1999 |
| 8 | Bhupendra B K | 06983564 | Solukhumbu | 22/04/1994 |
| 9 | Tikaram Shrestha | 09354188 | Bhojpur | 11/07/1986 |
| 10 | Youwan Gurung | 09736540 | Ilam | 15/02/1993 |

**भिक्टोरी नेपाल प्रा. लि.**
सिनामंगल १० पञ्चकुमारी मन्दिर कालीमाटीडोल, काठमाडौं
फोन नं: ०१४५९०२९६, मोबाईल नं.:९८५११४०६५३
श्रम इजाजत नं. ९११/०६७/०६८

## SAUDI मा रोजगार

कम्पनी : AL YAMAMA COMPANY FOR TRADING & CONTRACTING
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७९/०५/२६ चलानी नं.:६०२०७७०७ LT. No.: 292362

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolding Erector | 100 | 0 | स. काममा दक्ष | 1200 | ४२,५८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता बहुद्देशयिय क्यापिटल ट्रेनिङ एण्ड जब सेन्टर काठमाण्डौं-१०, तारकेश्वरमा २०८० मंसिर २४ र २७ गते (10 & 13 December 2023) मा हुनेछ ।**
**अन्तर्वार्ता पिट ट्रेनिङ सेन्टर रमानन्द चोक जनकपुरमा २०८० मंसिर २५ र २६ गते (11 & 12 Dec 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | कामदारले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**प्रोटेक नेपाल इम्प्लोइमेन्ट प्रा. लि.**
श्रम इजाजत नं. ७९०/०६५/०६६
गोंगबु-६, काठमाडौं, नेपाल, फोन: ५९०६९२३, ५९०४९५१
Email : cv.protechnepal@gmail.com
Contact No:9840006120, 9851052907
Pokhara Branch Bikash Dhakal Contact No: 9802852311

# बक्स अफिस समाचार

# 'म्युजिक भिडियोमा युवा वर्गको क्रेज बढेको छ'

उत्कृष्ट शब्द, संगीत र गीतको मात्र म्युजिक भिडियो निर्माण, निर्देशन गर्दै आइरहेका केशवराज भ अहिलेका व्यस्त निर्देशक हुन् । यहाँ दैनिक दर्जनौं नयाँ म्युजिक भिडियो बन्ने गर्छ । एकपछि अर्को भिडियो सार्वजनिक गर्दै आइरहेका निर्देशक भ ले हालै दश दिनमा सात वटा गीतको भिडियो निर्देशन गर्न भ्याएका छन् । ४२ हजार मिटर उचाई रहेको रसुवा जिल्लाको दुर्गम स्थान क्याञ्जिङरिसम्म पुगेर उनले "माया दिउँला तिमीलाई", "मेरो जीवन", "तिमी मेरो प्रित हौ", "यस्तो टाढा हुनु छैन" आदि गरी सात वटा गीतको भिडियो छायाँकन भ्याएका हुन् । पछिल्लो समय भिडियो निर्देशनको क्षेत्रमा व्यस्त बनिरहेका केशवराज भ ले अहिलेसम्म पाँच दर्जनको हाराहारीमा भिडियो निर्देशन गरिसकेका छन् । झण्डै एक दशकदेखि म्युजिक भिडियो निर्देशनलाई निरन्तरता दिँदै आएका भ विभिन्न पुरस्कार र अवार्डबाट सम्मानित भएका छन् । प्रस्तुत छ कुशल निर्देशक **केशवराज भट्ट**ले मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :

**पछिल्लो समय केमा व्यस्त हुनुहुन्छ ?**

अहिले म्युजिक भिडियोकै काम गरिरहेको छु । हप्तामा केही नभए पनि दुई वटा म्युजिक भिडियो निर्देशन गरिरहेको छु । दशैं अगाडि झण्डै ४२ हजार मिटर उचाई रहेको रसुवाको क्याञ्जिङसम्म पुगेर एकै साथ सात वटा गीतको भिडियो छायाँकन गरें । सात वटा भिडियो गर्न दश दिन समय लागेको थियो । मेरो जीवन, तिमी मेरो प्रित हौ, यस्तो माया दिउँला तिमीलाई, टाढा हुनु छैन आदि गीतको भिडियो छायाँकन भएको थियो । त्यसको पोष्टप्रोडक्शन र नयाँ भिडियो निर्माणको गृहकार्यमा व्यस्त छु ।

**म्युजिक भिडियोप्रति आकर्षण बढ्नुको कारण ?**

युट्युबदेखि टिकटकसम्म र डिजिटल प्लेटफर्ममा कमर्सियल हिसाबले भिडियोको बजार राम्रो हुनुले म्युजिक भिडियोमा युवा वर्गको क्रेज बढेको हो । गीत संगीतको मार्केटिङले पनि बजार लिइरहेको छ । गीतसंगीतको माग जति बढेको छ, त्यही हिसाबले म्युजिक भिडियो निर्माणको दर पनि एकदमै बढिरहेको छ । गीतसंगीत र म्युजिक भिडियो यो गतिमा निर्माण हुनुमा यसमा बढ्दै गएको आकर्षण र नयाँपन पनि कारण हुनसक्छ ।



**यो पेशामा कमाइको हिसाबले सन्तुष्ट हुनुहुन्छ ?**

म्युजिक भिडियो निर्देशन गर्ने भनेरमात्र हुँदैन । त्यसमा क्वालिटी दिन सक्नुपर्छ । आफ्नो काममा इमान्दारिता, लगनशिलताका साथ मेहनत गर्ने र नयाँ नयाँ क्रियसन गर्ने थोरै म्युजिक भिडियो निर्देशकको भिडमा म पनि पर्ने गरेको छु । म यस मानेमा आफूलाई भाग्यमानी ठान्छु । मैले निर्देशन गरेको प्रायः सबै म्युजिक भिडियो व्यावसायिकरुपले सफल भएका छन् । म्युजिक भिडियो निर्देशन गरेर आफ्नो परिवारको रेखदेख गरिरहेको छु भने सन्तुष्ट नहुने त कुरै भएन ।

**अभिनय गर्न सजिलो कि निर्देशन गर्न ?**

काम कुनै पनि सजिलो हुँदैन । तपाईले गर्नु भएको काम मलाई सजिलो लाग्छ, मैले गरेको तपाइलाई । दुबै पाटो एक-अर्कामा फरक भए पनि गाह्रो छ । अभिनय अरुको निर्देशन बमोजिम गर्ने हो । आफैंले निर्देशन गर्न झन् गाह्रो छ । निर्देशन गर्नका लागि धेरै कुरा सोच्नुपर्छ । कन्टेन्टदेखि प्रिजेन्टेसनसम्मको कुरा हुन्छ ।

**कोरोना पछि चलेका फिल्मी कलाकारहरु पनि म्युजिक भिडियोमा देखिए, काम गर्न र गराउन कुनलाई सजिलो ?**

फिल्मी कलाकार र मोडल दुबैले आ-आफ्नो क्षमता अनुसार काम देखाउने हो । कामको हिसाबले त्यस्तो फरक पर्दैन । बरु नयाँ मोडललाई लिएर काम गर्दा चाहिँ अलि बढी मेहनत गर्नुपर्छ । चलेको मोडललाई लिनु र चलेको कलाकारलाई लिनु उस्तै हो ।

**यो क्षेत्रमा आउँदा के कुरामा ध्यान दिन आवश्यक छ ?**

कुनै पनि क्षेत्रमा आउँदा बुझेर हात हाल्दा राम्रो । यो क्षेत्रमा व्यावसायिकरूपमा आउनेलाई फाइदा छ । भिडियो कसरी बनाउने, कस्तो बनाउने, मार्केटिङ कसरी गर्ने भन्ने विषयमा पहिले नै अध्यायन गर्नु आवश्यक छ ।

**मार्केटिङको कुरा उठिहाल्यो यसमा तपाईंको धारणा के छ ?**

प्रतिस्पर्धाको जमना छ, भिडियो बनाउनु भन्दा बढी त्यसको प्रमोसनमा दुःख छ । युट्युबले गर्दा टिभी च्यानलहरुमा प्रसारण गर्न इन्कार गर्ने प्रवृत्ति छ । अर्कातिर डलर तिरेर सामाजिक सञ्जालमा बेतुकको दर्शक बढाउनेहरुको तँछाडमछाडको स्थितिका कारणले गर्दा वास्तविक प्रतिभा पछि पर्ने गरेको छ । स्वच्छ प्रतिस्पर्धा हुनुपर्छ, क्षणिक चर्चाको लागि हुने प्रतिस्पर्धाले दीर्घकालीनरुपमा फाइदा पुर्‍याउँदैन ।

# 'मायाबी'को छायाँकन सम्पन्न



**काठमाडौं/मस-** दिवाकर भट्टराईको लेखन तथा निर्देशनमा तयार भएको फिल्म 'मायाबी'को छायाँकन सकिएको छ । मुस्ताङ र पोखराका विभिन्न स्थानमा छायाँकन गरिएको फिल्मको पहिलो चरण र दोस्रो चरण गरी करिब २ महिनामा छायाँकन सकिएको हो । फिल्मको छायाँकन सकिएको अवसरमा निर्माण पक्षले केक काटेर खुसी साटेको थियो ।

शनिबार बिहान २ बजे फिल्मका मुख्य कलाकार र प्राविधिकहरुले इन्ड क्ल्याप गरेका थिए । यो फिल्ममा पल शाह, दीपिका प्रसाईं, सुशील सिटौला, समिम खान, करिश्मा श्रेष्ठ, प्रशान्त ताम्राकार, लक्ष्मी गिरी, रवि डंगोल, राजाराम पौडेल, अंशु महर्जन, रमा प्रसाँइ लगायतका कलाकारको मुख्य भूमिका छ ।

फिल्मको छायाँकन सकिएसँगै निर्देशक भट्टराई निकै उत्साहित छन् । उनले यो फिल्म आफ्ना लागि पनि विशेष हुने र नायक पल शाहको करिअरलाई भने नयाँ उचाई दिने बताएका छन् । फिल्ममा राज कटुवाल र चन्द्र पन्तको लगानी छ । फिल्मको सह-निर्माताको रुपमा राजु पराजुली, रमा प्रसाईं र नभ्नित झा छन् । फिल्मका कार्यकारी निर्मातामा प्रविन भट्टराई र करण सिंह छन् भने सहयोगी निर्माताको रुपमा अम्बरीश कश्यप छन् ।

क्रियटिभ सिने आर्ट्सको ब्यानरमा निर्माण भएको यो फिल्ममा राजु थापाको डीओपी, एसडी योगीको संगीत, राम अविरलको गीत छ । फिल्मको लाइन प्रोड्यूसरमा राजकुमार कार्की छन् ।

फिल्मको प्रदर्शन मिति भने तय गरिएको छैन । यो फिल्मले पोखरा केन्द्रित कथा भन्छ । राम्रो टिम भएकाले राम्रोसँग छायाँकन सकिएको र अब फिल्मको पोष्ट प्रोडक्शनको काम सकाएपछि प्रदर्शन मिति तय गरिने निर्देशक भट्टराईले जानकारी दिएका छन् ।

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: GLOBAL GASTRONOMY GROUP — शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०८/१२ — चलानी नं.: ६०२१०६७२ — LT. No.: 295419

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 8 | 0 | सम्बन्धित काममा दक्ष | 125 | ५३,९५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Barista | 2 | 0 | | 130 | ५६,११५ | | | | | | | |
| 3. | Cook | 7 | 0 | | 155 | ६६,९०७ | | | | | | | |
| 4. | Grill Maker | 3 | 0 | | 135 | ५८,२७४ | | | | | | | |
| 5. | Helpers | 7 | 0 | | 100 | ४३,१६६ | | | | | | | |
| 6. | Steward | 5 | 0 | | 100 | ४३,१६६ | | | | | | | |
| 7. | Waitress | 0 | 5 | | 120 | ५१,७९९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १७ देखि १९ गतेसम्म (3 to 5 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

GLOBAL RISING PLACEMENT PVT. LTD.
Govt. Lic. No. 1616/079/080
Pingalasthan-9, Gaushala, Kathmandu, Nepal
www.globalrisingplacement.com cv@globalrisingplacement.com
01- 5915317 | 5917318 9801316640 | 9801316636| 9801316653

## मलेसियामा रोजगार

कम्पनी: GUAN SENG FRESH FOODS SDN.BHD

पूर्व स्वीकृत मिति : २०८०/०८/१४ — चलानी नं. : ६०२१०८२४ — LT. No.: 295733

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : SEMI CONVERTOR INDUSTRIES SDN.BHD.

पूर्व स्वीकृत मितिः २०८०/०३/१७ — चलानी नं.: ६०२०४०८९ — LT. No.:288774

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २४ गते (10 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Grand Pearl International Pvt.Ltd.
Govt. Lic. No. 1555/079/080
Basundhara 3, Kathmandu, Nepal Tel.:01-49358281, 014380388 Email:grandpearl555@gmail.com
Mobile: 9851043031, 9867893930 website:grandpearlintl.com

## शंखरापुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यलय
साँखु, काठमाण्डौं
बागमती प्रदेश, नेपाल

### बोलपत्र/शिलबन्दि दरभाउस्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०८/१७)

यस कार्यालयबाट तपशिलमा उल्लेखित योजना निर्माणको लागि बोलपत्र/शिलबन्दी दरभाउआव्हान सम्वन्धी सूचना अनुसार अन्तिम म्यादभित्र पर्न आएको दरभाउहरुको प्रस्ताव मध्ये न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न | योजनाको नाम | ठेक्का न | न्युन्तम मुल्याङकित बोलपत्रदाताको नाम | कबोल अङ्क रू. (भ्याट र पी. एस. बाहेक) |
|---|---|---|---|---|
| 1 | Upgrading of Indrayeni Bihar Bhulbu Moktantole Sadak. | SMO/080-81/05 | Chaulagain Builders and Suppliers Pvt. Ltd. Boudha-6, Kathmandu | 1,06,08,139.0/- |
| 2 | Upgrading of Samudayik Bhawan Manichud Sadak. | SMO/080-81/06 | Rom Construction & Suppliers Pvt.ltd.Gokarna Atterkhel Kathmandu | 55,17,752.6/- |
| 3 | Upgrading of Sukekhola Ghisingtole Sadak | SMO/080-81/07 | Rama Nirman Sewa. Bajrayogini, Kathmandu | 15,07,212/- |
| 4 | Upgrading of Bandevi School Manichud Sadak | SMO/080-81/08 | Dorjephamu Construction And Suppliers Pvt. Ltd. Ghodble Kathmandu | 13,04,300.0/- |
| 5 | Ganeshman Smriti Park | SMO/80-81/09 | Atit Construction Pvt Ltd, Shankharapu-02, Kathmandu | 25,83,771.75/- |
| 6 | Upgrading Of Pakhrintol Jogitar Siranchaur Sadak | SMO/80-81/10 | Manichud Builders, Shankharapur Municipality-02, Kathmandu | 21,10,178.15/- |
| 7 | Upgrading Of Fedi Burkamala Chiyabagan Kundeswar Sadak | SMO/80-81/11 | Atit Construction Pvt Ltd, Shankharapu-02, Kathmandu | 23,04,758.85/- |
| 8 | Upgrading Of Fedi Burkamala Bairmahadev Chaukivanjyang Sadak | SMO/80-81/12 | Rom Construction & Suppliers Pvt Ltd, Attarkhel, Kathmandu | 1,06,62,996.8/- |
| 9 | Deurali Dharapani Patap Sadak Staronnati | SMO/80-81/13 | Ansu Builders, Buddhanagar, Kathmandu | 97,52,463.01/- |
| 10 | Construction of Bhagyodaya Maa. Vi. School Building | SMO/80-81/14 | Needim Nirman Sewa, Bhaktapur | 56,08,401.89/- |
| 11 | Gurungtole Sadak Staronnati | SMO/80-81/15 | Chaulagain Builders and Suppliers Pvt. Ltd., Kageshwori Manohara-01 | 14,79,753.03/- |
| 12 | Jayabali Sadak Staronnati | SMO/80-81/16 | B. To. Construction Pvt. Ltd., Gokarneshwor-05 | 18,13,955.10/- |

प्रमुख प्रशासकीय अधिकृत

## नेपाल सुपर लिग

# चारै टिमले बराबरी खेल्दै अंक बाँडे



**काठमाडौं/मस-** राजधानीमा जारी नेपाल सुपर लिग (एनएसएल) मा शनिबार भएको खेलमा चार वटै टिमले बराबरी खेल्दै अंक बाँडेका छन् । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार भएको पहिलो खेलमा झापा एफसी र पोखरा थन्डर्स तथा दोस्रो खेलमा धनगढी एफसी र ललितपुर सिटी एफसीले बराबरी खेल्दै अंक बाँडेका हुन् ।

झापाले अन्तिम समयमा गोल फर्काएर खेल बराबरीमा टुंग्याएको छ । खेलको अन्तिमा इन्जुरी समयमो अन्तिम समयमा समादर ओचिलोभले गोल गर्दा झापा हारबाट जोगिएको हो । यसअघि पोखराले थन्डर्सले खेलको १९ औं मिनेटमा गोल गर्दै खेलमा अग्रता बनाएको थियो । पोखराका लागि शुरुवाती गोल मोसेस ग्याबहले गरेका थिए । उनले डी बक्स बाहिरबाट जोय एइड्ले डिबक्स बाहिरबाट उपलब्ध गराएको बलमा हेडर गोल गरेका हुन् ।

बराबरीसँगै पछि झापाले एनएसएलमा पहिलो अंक जोडेको छ । पहिलो खेल जितेको पोखराले भने ५ अंक बनाएको छ । खेलको ९० औं मिनेटमा पोखरा १० खेलाडीमा सीमित भएको थियो । कमलबहादुर थापाले रातो कार्ड पाउँदै मैदान छाडेका थिए । त्यस्तै पोखराका प्रशिक्षक नविन न्यौपानेले खेलको अन्तिम समयमा रातो कार्ड पाए ।

पोखराले पहिलो खेलमा चितवन एसीलाई १-० गोलले पराजित गरेको थियो भने दोस्रो खेलमा ललितपुर सिटि एफसीसँग गोलरहित बराबरी खेलको थियो । त्यस्तै झापा पहिलो खेलमा स्पोर्टिङ इलामसँग १-० गोलले पराजित भएको थियो । यस्तै दोस्रो खेलमा धनगढी एफसी र ललितपुर सिटी एफसीले बराबरी खेलेका छन् ।

शनिबार दशरथ रंगशालामा धनगढी र ललितपुरले गोल रहित बराबरी खेल्दै अंक बाँडेका हुन् । खेल अवधिभर दुवै टिम एक अर्काविरुद्ध आक्रमण बुनेपनि गोल गर्न भने सकेनन् ।

धनगढी र ललितपुरलाई यस सिजनको एनएसएलको उपाधि दाबेदारको रुपमा लिइएको छ । बराबरीको नतिजा निकाल्दै धनगढी लिगको शीर्ष स्थानमा यथावत छ । धनगढीले ३ खेलबाट ७ अंक जोडेको छ । दोस्रो स्थानको ललितपुरले २ खेलबाट ५ अंक जोडेको छ ।

# वेलनन एकेडेमीलाई पाँचौं युनिप्स खेलकुद महोत्सवको उपाधि




**पोखरा/मस-** संस्थागत एवम् निजी विद्यालयहरुको छाता संस्था युनिप्स नेपालको आयोजनामा सम्पन्न पाँचौं युनिप्स खेलकुद महोत्सवको उपाधि वेलनन एकेडेमीले जितेको छ ।

पोखरा रंगशाला सम्पन्न भएको उक्त खेलकुद महोत्सवमा सहभागी १८ विद्यालयलाई पछि पार्दै कूल १३३ अंकका साथ वेलननले उपाधि जितेको हो । हरेक दुई-दुई वर्षमा आयोजना हुने खेलकुद महोत्सवमा वेलननले यस अघि रनिङ शिल्डमा एक पटक कब्जा जमाइसकेको छ । वेलननले योसँगै लगातार चौथो पटक उपाधि जितेको छ ।

यसैगरी खेलकुद महोत्सवमा ११० अंकका साथ कलिका इंग्लिस सेकेन्डरी स्कुल उपविजेता भएको छ । पोखरा रंगशालामा चार दिनदेखि जारी खेलकुद महोत्सवमा ७४ अंक बटुल्दै पिनाकल एकेडेमी तेस्रो हुँदा ६३ अंकका साथ स्माइल स्मल हेभेन सेकेन्डरी स्कुलले चौथो स्थान प्राप्त गरेको प्रतियोगिता खेलकुद उपसमितिका संयोजक विनोद कुमार नेपालीले जानकारी दिए ।

त्यस्तै शनिबार सम्पन्न फुटबल मावी छात्रतर्फको फाइनलमा वेलनन एकेडेमीले एकता आवाशियलाई ३-१ ले पराजित गर्दै च्याम्पियन भएको छ भने स्मल स्माइल हेभेनले तेस्रो तथा होली एन्जलले चौथो स्थान प्राप्त गरेको छ ।

विजेता विद्यालय तथा खेलाडीहरुलाई गण्डकी प्रदेश शिक्षा निर्देशनालयका उपमहानिर्देशक घनश्याम पौडेल, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बहादुर बानियाँ, युनिप्स नेपालका संस्थापक अध्यक्ष ध्रुव गिरीलगायतले मेडल, प्रमाणपत्र तथा ट्रफी वितरण गरेका थिए । सो अवसरमा बोल्दै उपमहानिर्देशक पौडेलले शिक्षा संगै अतिरिक्त क्रियाकलापमा खेलकुद जोड्नुपर्ने अपरिहार्य रहेको बताउँदै खेलाडी उत्पादनको मुख्य थलो नै विद्यालय रहेको उल्लेख गरे ।

युनिप्स नेपालका अध्यक्ष शान्तबहादुर गुरुङको अध्यक्षतामा समापन कार्यक्रम सम्पन्न भएको थियो । खेलकुद महोत्वमा युनिप्समा आवद्ध रहेका १८ विद्यालयका ४ हजार भन्दा बढी खेलाडीहरुले सहभागिता जनाएका थिए । सहभागी विभिन्न खेलका ६ सय खेलाडीहरुलाई पुरस्कृत गरिएको युनिप्स सचिवालयका संयोजक शिवहरि सुवेदीले जानकारी दिए ।

## हिसान कास्की स्पोर्टस मिट

# तेस्रो दिन ब्याडमिन्टनका प्रतिस्पर्धाहरु सम्पन्न, अन्य खेल जारी

**पोखरा/मस-** १६औं हिसान कास्की स्पोर्टस मिट पोखरा रंगशालामा तेस्रो दिन ब्याडमिन्टनका सम्पूर्ण प्रतिस्पर्धाहरु सम्पन्न भएका छन् भने अन्य खेलहरु जारी रहेका छन् । उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) कास्कीको पोखरा रंगशालामा जारी प्रतियोगितामा तेस्रो दिन ब्याडमिन्टनका सम्पूर्ण प्रतिस्पर्धा सम्पन्न भएको ब्याडमिन्टन प्रतियोगिता उपसमितिका संयोजक पुरन कुंवरले जानकारी दिएका हुन् ।

छात्र ब्याडन्टिन प्लस टु सिंगल्समा बाल प्रभात माविका सुन्दर विकले सगरमाथाका सुजन पौडेललाई पराजित गर्दै प्रथम भएका छन् । त्यस्तै तेस्रो स्थान सगरमाथाका सत्यजित शर्मा र प्रतिभाका सुमित सुनार भएका छन् । त्यस्तै छात्रातर्फ मदरल्याण्डकी आयुष्मा नेपाल पहिलो हुँदा, सगरमाथाकी रिष्ता बास्तोला दोस्रो, करुणानिधीकी सविरा गुरुङ र मदरल्याण्डकी विशेषता केसी तेस्रो हुन सफल भए ।

यसैगरी विश्वविद्यालय छात्र ब्याडमिन्टन सिंगलसमा इन्फर्मेटिक्सका थमन सिंह थापा पहिलो, पोखरा लिंकनका रिजन सूर्यवंशी दोस्रो, पोखरा इन्जिनियरिङका सूवर्ण रुम्वा र इन्फरमेटिक्सका निश्चल भण्डारीले तेस्रो स्थान प्राप्त गरे । छात्रा सिंगल्समा पोखरा कलेज अफ म्यानेजमेन्टकी स्वशितका पौडेल पहिलो, सोही विश्वविद्यालयकी एलिका लन्चन दोस्रो, इन्फरमेटिक्सकी प्रतिक्षा गुरुङ तथा पोखरा इन्जिनियरिङकी विनिशा अधिकारी तेस्रो स्थान प्राप्त गरे ।

त्यस्तै छात्र ब्याडमिन्टन डवल्स प्लस टु तर्फ बाल प्रभातको जोडी सुन्दर विक र जेदान सिंह पहिलो, सगरमाथाका सत्यजित शर्मा र सुजन पौडेलको जोडी दोस्रो, ग्लोवल कलेजियटको जोडी अर्जुन शहनी र लेनिन नेपाली र प्रतिभाका सुमित सुनार र धिरज विकको जोडीले तस्रो स्थान प्राप्त गरेका छन् ।

छात्रातर्फ मदरल्याण्डका आयुष्मा नेपाल र प्रिस्का कडेल पहिलो, सगरमाथाका रिस्ता बास्तोला र दिक्षा गुरुङको जोडी दोस्रो, करुणानिधीका समृद्धि अधिकारी र सविरा गुरुङको जोडी तथा ग्लोबल कलेजियटका रोजिना गुरुङ र रोजिना गुरुङको जोडीले तेस्रो स्थान प्राप्त गरे । पिसिएमका स्वशिताका पौडेल र एलिका लन्चन पहिलो हुँदा इन्फरमेटिक्सका प्रतिक्षा गुरुङ र शिखा कुंवर दोस्रो तथा पोखरा इन्जिनियरिङ अनुस्का थेवे र विनिस्का अधिकारीले तेस्रो स्थान प्राप्त गरे ।


## गुराँस गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**रानिमत्ता, दैलेख, कर्णाली प्रदेश, नेपाल**

### नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०८/१७)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ६२ (क) र यस गुराँस गाउँपालिकाको आर्थिक ऐन, २०७७ को व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदी तथा खोलाहरूको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी गुराँस गाउँपालिकाको तोकिएको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र वा म्याद थपको प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपसिल बमोजिमका सर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.स. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन मिटर) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | GRM/RIVERBED/ NCB/01/080/081 | गुराँस गाउँपालिका स्थित लोहेरे खोला, कर्णाली नदीको किनारबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन कार्य | २२,६९०.०० | रु. २०,०१,९८४।०८ | कबोल अङ्कको २.५ प्रतिशत | ३०००.०० |
| २. | GRM/RIVERBED/ NCB/02/080/081 | गुराँस गाउँपालिका स्थित पराजुली खोला, सिस्ने खोला, पैते खोला, थाक्रे खोला किनार लगायतका क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन कार्य | १,७५०.०० | रु. १,५४,४०६।०० | कबोल अङ्कको २.५ प्रतिशत | १०००.०० |

**सर्तहरु**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्र वा म्याद थपको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र बोलपत्र फाराम दस्तुर बापत प्रभु बैंक शाखा कार्यालय गुराँसमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. १५५०१०९२९९१०००८१ मा नगद जम्मा गरेको भौचरसहित गुराँस गाउँपालिकामा बोलपत्र पेस गर्न सकिनेछ । बोलपत्र सम्बन्धी कागजात गाउँपालिकाको कार्यालयबाट मिति २०८०।०९।१६ गतेसम्म कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अङ्कमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कबोल गरेको अङ्को २.५% प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको प्रभु बैङ्क गुराँसमा रहेको धरौटी खाता नं. १५५०१०९२९९१०००७१ जम्मा गरी सोको सक्कल बैंक भौचर वा राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्यादसहित जारी गरिएको 'बिड बण्ड' पेस गर्नुपर्ने छ ।
३. बोलपत्र फारमहरूमा उल्लेख भएका सबै विवरणहरू भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाईल नं. समेत स्पष्ट खुलाइ फर्मको छाप लगाइ मिति २०८०।०९।१७ गते दिनको १२:०० बजेभित्र बोलपत्र पेस गर्नुपर्नेछ ।
४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्रसम्बन्धी कागजातहरू पेस गर्ने अन्तिम दिनको दिउँसो २:०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।
५. बोलपत्रसम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघेर, रीत नपुगी वा सर्तसहित पेस हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
६. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले सात दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिइ कबोल अङ्क बापत हुने रकम नेपाल राष्ट्रबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८० साल असार मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेस गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अङ्क, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियामानुसार थप १३ % भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।
७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस गाउँ पालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, गाउँपालिकाबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

**(नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको** website www.guransmun.gov.np **मा समेत हेर्न सकिनेछ ।)**

**नि. प्रमुख प्रशासकीय अधिकृत**



## Kakani Rural Municipality
## Office of Rural Municipal Executive
**Ranipauwa, Nuwakot**

### (Notice No.9/Kakani/wss/080-81)

**Date of publication: 2080-08-17**

1. Kakani Rural Municipality, Office of Rural Municipal Executive, Ranipauwa Nuwakot invites open Competitive Bidding From Eligible Bidders for the following works under National Competitive Bidding Bidders for the following works under National Competitive Bidding

| IFB No. Contract no. | Description and location of works | Estimate amount with ps (Excluding VAT NRs) | Bid Security Amount, NRs. | Bid Validity period/Bid Security Validity period | Price of Bid Document, NRs. |
|---|---|---|---|---|---|
| 09/Kkni/ wss/2080-81 | Okharpauwa Water Supply Ward No 1 | 34,35,346.73 | 1,00,000 | 90 days/120days | 3000. |
| 10/Kkni/ wss/2080-81 | Bhotethansingchapabotepauwa Water Supply Ward No 5 | 68,40,144.89 | 2,00,000 | 90 days/120days | 3000. |
| 11/Kkai/ wss/2080-81 | TalloTeengharayWater Supply Ward No 8 | 25,77,280.02 | 75,000 | 90 days/120days | 3000. |

2. Bid Purchase, Pre Bid Meeting, Bid Submission and Bid Opening Dares are sa given below.

| Pre Bid Meeting | Last Date of Bid Purchase | Last Date of Submission | Bid Opening Date And Address | Details of Bank For deposit of Cost for Bid Document | Details of Bank for Cash Deposit for Bid Security |
|---|---|---|---|---|---|
| 2080/09/8 | 2080/09/16 within office Hour | 2080/09/17 12:00 Hrs. | 2080/09/17,13:00 Hrs. at office of municipal executive, Kakani, Ranipauwa | Name of the Bank: Agricultural Development Bank. Ranipauwa Branch Office Account no:0213401251034093 (Kakani rural municipality Rajaswo khaata) | Name of the Bank: Agricultural Development Bank. Ranipauwa Branch deposit Account no:0213401251034042 Name of the Office : Kakani rural municipality, Office of municipal Executive, Ranipauwa, Nuwakot |

3. Eligible Bidders are advisedto visit e-GP portal of PPMO'S website www.bolpatra.gov.np/egp further Details or may Contact Kakani Rural Municipality, Office of Municipal Executive Ranipauwa, Nuwakot, Telephone : 010-411022 and mailing Address: ito.kakanimun@gmail.com
4. If the last date of purchasing, submission and opening falls on a government Holiday then the next working day shall be considered as the last day whereas the bank guarantee shall be counted from the submission date as specified on above table.
5. Any amendment in the tender notice will be published in official website a kakani rural Municipality Office of Municipal Executive Ranipauwa, Nuwakot and e-GP portal of PPMO Website http://www.bolparta.gov.np/egp.
6. Matters not covered by this notice shall be in accordance with public procurement ACT-2063 and public procurement regulations-2064 and prevailing regulations and latest amendment.

**Chief Administrative officer**

### एनसेलको शेयर बिक्री शंकास्पद

# झण्डै डेढ खर्बको शेयर ६ अर्बमा बिक्री

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १६ मंसिर ।

शुक्रबार दूर सञ्चार सेवा प्रदायक कम्पनी एनसेलको मुख्य सञ्चालक आजियाटाले आफ्नो स्वामित्वमा रहेको ८० प्रतिशत शेयर स्पेक्ट्रलाइट युके लिमिटेडलाई बिक्री गर्ने सम्झौता गरेको छ। आजियाटाले एक विज्ञप्ति जारी गर्दै शेयर बिक्री गरेको र नेपालबाट बाहिरिएको बताएको हो ।

अचम्म र शंका मान्नुपर्ने विषय यो बनेको छ की सन् २०१६ मा तत्कालिन विनिमय दर अनुसार १ खर्ब ४३ अर्बमा खरिद गरेको एनसेलको शेयर आजियाटाले आजिएटाले कुल ५ करोड अमेरिकी डलर अर्थात् ६ अर्ब ६६ करोड रुपैयाँमा बिक्री गरेको छ । यसमध्ये ५० लाख अमेरिकी डलर ६ महिनाभित्र भुक्तान गर्नुपर्ने र सन् २०२९ सम्म एनसेलले पाउने लाभांश भने आजिआटाले नै पाउने शेयर खरिद सम्झौतामा उल्लेख भएको आजिआटाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

७ वर्ष अघि एक खर्ब ४३ अर्बमा खरिद बिक्री भएको कम्पनी ६ अर्बमा बिक्री हुनुमा धेरैले शंकास्पद रहेको भन्दै प्रतिक्रिया जनाएका छन् । साथै एनसेलको सम्बन्धमा अदालतमा परेको रिटको अन्तिम किनारा नलाग्दै एनसेल बिक्री भएको छ ।

शुक्रबार नै नेपाल दूरसञ्चार प्राधिकरणले पाँच प्रतिशतभन्दा बढी शेयर खरीद बिक्री गर्न आफ्नो स्वीकृति लिनुपर्ने कानुनी व्यवस्था औंल्याउँदै एनसेलको शेयर खरीद बिक्रीसम्वन्धमा जारी विज्ञप्ति र आएका समाचारहरुप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको बताएको थियो ।

'दूरसञ्चार नियमावली, २०५४ को नियम १५ (ट) बमोजिम चुक्ता पुँजीको पाँच प्रतिशतभन्दा बढी सेयर खरिद वा विक्री गर्नु अघि प्राधिकरणको स्वीकृति लिनुपर्ने व्यवस्था उल्लेख भएको र नेपाल दूरसञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरिद बिक्री) विनियमावली, २०७६ को विनियम ४ (क) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तीले आफ्ना शेयरधनीको सेयर खरिद बिक्री वा नामसारी गर्नुपूर्व प्राधिकरणको स्वीकृति प्राप्त गर्नु पर्ने व्यवस्था रहेकोले सो अनुरूप गर्न गराउन जानकारी गराइन्छ', प्राधिकरणले काटेको पत्रमा उल्लेख छ ।

देवबहादुर रोकायाले पाटन उच्च अदालतमा उत्प्रेषण र परमादेश लगायतका आदेश माग गर्दै मंसिर १४ गते कम्पनी रजिष्ट्रार कार्यालय, नेपाल दूर सञ्चार प्राधिकरण, धितोपत्र बोर्ड, एनसेल, सञ्चार मन्त्रालय र एजियाटा कम्पनी विरुद्धमा रिट निवेदन दायर गरेका थिए। सोही निवेदनका आधारमा अदालतले दुवै पक्षलाई छलफलको लागि बोलाएको थियो। तर, अदालतले बोलाएको छलफललाई बेवास्ता गर्दै आजियाटाले आफ्नो स्वामित्वमा रहेको शेयर बिक्री गरेको छ । विगतमा एनसेलको शेयर कारोबार विदेशी भूमिबाटै गरिँदा लाभकर छली गरेको विषयमा आजियाटाले नेपाल देखि अन्तर्राष्ट्रिय अदालतबाट समेत हार व्यहोरेको थियो । फेरि पनि सोही विषय दोहोरिएको अवस्थामा सरकारले सो विषयलाईकसरी अगाडि बढाउँछ र अदालतमा कसरी टुंगोमा पुग्छ भन्ने विषय पुनः हेर्न बाँकी छ ।

स्पेक्ट्रलाइट यूके लिमिटेड बेलायतमा दर्ता भएको कम्पनी हो। यसको सञ्चालकमा सतिशलाल आचार्य छन्। आचार्य एनसेलमा २० प्रतिशत हिस्सा भएको सुनिभेरा क्यापिटल भेन्चर्सका सञ्चालक पनि हुन्। अब एनसेलमा आचार्य समूहकै शतप्रतिशत शेयर स्वामित्व कायम हुने भएको छ ।

# हिमालय एयरलाइन्सको काठमाडौं-सांघाई उडान शुरु




**काठमाडौं/मस** - हिमालय एयरलाइन्सले चीनको सांघाई सहरमा सिधा उडान शुरु गरेको छ । एयरलाइन्सले चीनको ठूलो सहर सांघाईमा शनिबारदेखि नियमित उडान प्रारम्भ गरेको हो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट शनिबार ९:२० बजे एक सय ३७ यात्रुसहितको हिमालयको जहाज सांघाई उडेको हो । काठमाडौं-सांघाई उडान पाँच घण्टा २० मिनेटको हुनेछ । हरेक शनिबार विहान नियमित उडान हुने कम्पनीले जनाएको छ । सांघााईमा हिमालय एयरलाइन्सको यो पहिलो उडान हो । योसहित कम्पनीले चीनको राजधानी बेइजिङसहित विभिन्न नौ सहरमा उडान विस्तार गरेको छ ।

उद्घाटन उडानबारे जानकारी दिन शनिबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा हिमालय एयरलाइन्सका उपाध्यक्ष विजय श्रेष्ठले चीनको मूख्य व्यापारिक र पर्यटकीय सहरमा सिधा उडानले दुई देशबीचको सम्बन्धलाई थप बलियो बनाउनुका साथै बढी भन्दा बढी चिनियाँ पर्यटक नेपाल आकर्षण गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरे । उनले नेपाल-चीन सम्बन्धलाई थप उचाइमा लैजान, व्यावसायिक साझेदारी बढोत्तरीका साथै चिनियाँ पर्यटक भित्र्याउन काठमाडौं-सांघाई हवाई सम्पर्क सञ्जालले टेवा पुग्नेमा विश्वास व्यक्त गरे ।

उपाध्यक्ष श्रेष्ठले कोभिड-१९ पछि नेपालमा चिनियाँ उडान बढेको, सीमा नाकाहरु खुलेकाले आगामी दिनमा उडान बढ्ने र पर्यटक आगमनमा पनि बढोत्तरी हुने बताए । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले कोभिड महामारीपछि चीनबाट क्रमशः उडान विस्तार भइरहेकाले आगामी दिनमा चिनियाँ पर्यटक बढ्ने विश्वास व्यक्त गरे । उनले पछिल्लो समय काठमाडौं विमानस्थलमा अन्तर्राष्ट्रियतर्फ दैनिक एक सयभन्दा बढी उडानमार्फत् करिब १५ हजार यात्रु आवत-जावत गरिरहेको जानकारी दिए ।

नेपालका लागि चिनियाँ राजदूताबासका आर्थिक तथा वाणिज्य कन्सुलर छि यूले सांघाई-काठमाडौंमा हिमालय एयरलाइन्सको उडानले दुई देशबीचको सम्बन्ध बलियो हुनुका साथै व्यापारिक दृष्टिले पनि महत्वपूर्ण भएको बताए । सांघाई जनवादी गणतन्त्र चीनको ठूलो सहरमध्ये एक हो । करिब ४० मिलियन जनसंख्या रहेको सांघाई चीनको उद्योग कलकारखानाको राजधानीका रुपमा पनि कहलिएको छ । यो चीनको मूख्य व्यापारिक केन्द्र पनि मानिन्छ ।

# इमर्जिङ नेपालको साधारण सभाबाट लाभांश पारित



**काठमाडौं/मस** - इमर्जिङ नेपाल लिमिटेडको आठौं वार्षिक साधारण सभा शुक्रबार बानेश्वर ब्याङक्वेट, थापागाँउ, नयाँ बानेश्वर काठमाडौंमा सम्पन्न भएको छ । उक्त सभाले विभिन्न एजेन्डा सहित कम्पनीको आव २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन, वार्षिक आर्थिक विवरण पारित गरेको छ। साथै सभाले ८.४२१०५ प्रतिशत नगद लाभाशं (कर प्रयोजन सहित) वितरण गर्ने प्रस्ताव पारित गरेको छ ।

# चार महिनामा थपियो साढे ५७ अर्ब सार्वजनिक ऋण




**काठमाडौं/मस** - चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो चौमासिक अवधिमा ५७ अर्ब ७१ करोड रुपैयाँभन्दा बढी सार्वजनिक ऋण थपिएको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार गत असार मसान्तसम्ममा २२ खर्ब ९९ अर्ब ३५ करोड २४ लाख रुपैयाँ बराबर रहेको सार्वजनिक ऋण कात्तिक मसान्तसम्म पुग्दा २३ खर्ब ५७ अर्ब ६ करोड रुपैयाँ नाघेको हो ।

कार्यालयको गत कात्तिक मसान्तसम्मको तथ्यांकअनुसार हालसम्म नेपालले तिर्न बाँकी आन्तरिक ऋण ११ खर्ब ८३ अर्ब ५७ करोड २१ लाख र बाह्य ऋण ११ खर्ब ७३ अर्ब ७९ करोड ६६ लाख रुपैयाँ रहेको छ। चालु आवको चार महिनामा सरकारले आन्तरिक ऋणको साँवाब्याज भुक्तानीमा ६५ अर्ब ४५ करोड ८३ लाख र बाह्य ऋणको साँवाब्याज भुक्तानीमा १६ अर्ब १८ करोड ६१ लाख रुपैयाँबराबर भुक्तानी गरेको देखिएको छ ।

यही अवधिको ऋण प्राप्तिको अवस्था हेर्दा साउनदेखि कात्तिक मसान्तसम्ममा ९७ अर्ब ३१ करोड बराबर आन्तरिक ऋण र १५ अर्ब ८५ करोड ३० बाह्य ऋण गरी कूल एक खर्ब १३ अर्ब १६ करोड ३० लाख रुपैयाँ बराबर ऋण उठाइएको छ। चालु आवको पहिलो चौमासिक अवधिमा सरकारले गरेको पुँजीगत खर्चभन्दा सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानीमा गरेको खर्च करिब तीन गुणाले बढी छ। गत कात्तिक मसान्तसम्ममा सरकारले २९ अर्ब ९८ करोड ९४ लाख रुपैयाँ बराबर पुँजीगत खर्च गरेको छ। यही अवधिमा सार्वजनिक ऋणको साँवाब्याज भुक्तानीमा भने ८१ अर्ब ६४ करोड ४४ लाख रुपैयाँ बराबर खर्च गरेको छ ।

# आइजीआई प्रुडेन्सियल र सिद्धि स्मृति प्रतिष्ठानबीच सम्झौता



**काठमाडौं/मस** – आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड र भक्तपुरको भीमसेनस्थानमा रहेको सिद्धि स्मृति प्रतिष्ठान बिच सेवा प्रदान गर्ने सम्झौता भएको छ । उक्त सम्झौतापत्रमा इन्स्योरेन्सका नायव प्रमुख कार्यकारी उज्ज्वल ढुंगाना र प्रतिष्ठानका संचालन निर्देशक अनिल राजभण्डारीले हस्ताक्षर गरेका हुन् । सम्झौता पश्चात आइजीआई प्रुडेन्सियल इन्स्योरेन्सबाट औषधोपचार बीमा सेवा खरिद गर्ने ग्राहकहरुको बीमालेखको सीमासम्म सिद्धि स्मृति प्रतिष्ठानबाट नगद रहित हस्पिटलाईजेसन प्राप्त गर्न सकिने छ ।

साथै, सोही अवसरमा इन्स्योरेन्सका नायव प्रमुख कार्यकारी ढुंगानाले सिद्धि स्मृति प्रतिष्ठानले आफना ग्राहकहरुलाई आफुसँग औषधोपचार बीमालेख खरिद गरी अस्पतालसँग बीमालेखको सिमासम्म नगद रहित हस्पिटलाईजेशस सेवा लिन उत्प्रेरित गर्ने अपेक्षा राख्दै अस्पताल र अस्पतालसँग आवद्ध सदस्यहरुलाई औपाधोपचार लगायत आवश्यक पर्ने सबै प्रकारका निर्जीवन बीमा सेवा कम्पनीबाट प्राप्त गर्नसक्नु हुने हुनाले ढुक्क भएर सेवा लिन आव्हान गरे ।

व्यक्तिगत विवरण सुरक्षित राखौ, साईवर अपराधबाट जोगिऔं

कम्प्यूटर, मोवाईल र ईन्टरनेट प्रयोग गर्दा:
- बलियो पासवर्ड राखौं र पासवर्डलाई नियमित रुपमा परिवर्तन गरौं।
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिंक नखोलौं ।
- अपरिचित व्यक्तिले युजरनेम र पासवर्ड मागे नदिऔं ।
- ह्वाट्स एप, ईमो, भाइबर, मेसेन्जरलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔं । त्यस्ता कल पटक पटक आए ब्लक गरौं।
- आफ्ना व्यक्तिगत विवरणहरु (ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्म मिति) कसैलाई शेयर नगरौं, सुरक्षित राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।

नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

## Jhapa Rural Municipality
## Office of Rural Municipal Executive
**Taghandubba, Jhapa, Koshi Province, Nepal**

## Invitation for Bids

**Date of publication: 2023-12-03 (2080-08-17)**

1. Jhapa Rural Municipality, Office of Rural Municipal Executive invites electronic bids from Nepalese eligible bidders for the construction of Roads under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders submitting their bid electronically should deposit the cost of bidding document i.e. NRs. 3,000 in the Rajaswa (revenue) account as specified below.
   Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : NIC ASIA** **Name of Office : Jhapa Rural Municipality**
   **Office Code no. : 80101325** **Office Account no. : 2022050512514014**
   **Revenue Shirsak No. 14219**
4. Pre-bid meeting shall be held at [Jhapa Rural Municipality] at 11:00 AM on [2023-12-22 (2080/09/06)].
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at [1:00 PM on 2024-01-02 (2080/09/17)] at the office of [Jhapa Rural Municipality]. Bids must be valid for a period of [90 days] after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| SN | Contract Identification Number | Name of Project | Estimated Amount incl. PS & VAT NRs. | Bid Security NRs. | Bid Submission & Opening Date |
|---|---|---|---|---|---|
| 1 | NCB/JHAPA/JRM/05/080-81 | Indra Khatiwada ko ghar hudai hulaki sadak ko purano prahari chauki samma kalopatre | 56,75,533.31 | 1,34,000.00 | 2024/01/02 (2080-09-17) |
| 2 | NCB/JHAPA/JRM/06/080-81 | Madargach bajar dekhi janam ghuttu hudai ward no. 7 ko ward karyalaya samma ko sadak kalopatre | 57,54,630.83 | 1,34,000.00 | 2024/01/02 (2080-09-17) |
| 3 | NCB/JHAPA/JRM/07/080-81 | Mulwi ko Ghar amarpath sadak bata Bir Singh Gaun Hudai Salmara samma ko sadak kalopatre | 42,01,043.72 | 1,00,000.00 | 2024/01/02 (2080-09-17) |
| 4. | NCB/JHAPA/JRM/GOODS/03/080-81 | Supply and Delivery of Electrical Pole Accessories. | | 1,75,000.00 | 2024/01/02 (2080-09-17) |

**Chief Administrative Officer**

प्रकाशकः सीतादेवी श्रेष्ठ, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः मदनकुमार श्रेष्ठ